ALNAP



# नेपालको भूकम्प प्रतिक्रिया: सञ्चालित निकायहरूको लागि पाठहरू

डेभिड सेन्डरसन तथा बेन रामालिङ्गम

एल्नाप साझेदारी गरिएको सिकाइद्वारा मानवीय क्रियाकलापको कार्यसम्पादनमा सुधार ल्याउनको लागि समर्पित रहेको अनुपम प्रणाली-व्यापी सञ्जाल हो।
www.alnap.org

भूकम्प प्रतिको प्रतिक्रियाको लागि अरू शोधपत्र तथा सिकाइहरूको लागि कृपया एल्नापको मानवीय मूल्याङ्कन तथा सिकाइ(एचएलईपी) पोर्टल हेर्नुहोस् ।

## स्वीकृतिहरू

यो शोध पत्र जोक बेकर, जेनिफर दुईने बारेन्स्टाईन, पाउनल कुरियोन, फिलिप डिकोर्टे, एनी डेभेनपोर्ट, जान ईगल्याण्ड, पाउल गिम्सन, मार्क हार्भेभ, एन ली, राजु न्यौपाने, रोनाक पटेल, रोबर्ट पाईपर, ग्राहम साउन्डेर्स, अन्सु शर्मा, राजीब श, हरी दर्शन श्रेष्ठ, सुक्ल त्राईम्बाकेस, म्यागी स्टेफेन्सन तथा मिसेल यङको योगदानमा डेभिड सेन्डरसन तथा बेन रामालिङ्गमले लेख्नु भएको हो ।

## सूचित प्रशंसात्मक उल्लेख

(२०१५) नेपाल भूकम्प प्रतिक्रिया: संघ संस्थाहरु परिचालन सम्बन्धी पाठहरू । एल्नाप पाठ शोधपत्र लण्डन:एल्नाप/ ओडिआई

ISBN 978-1-910454-17-6

© ALNAP/ODI 2015. यो कार्य क्रिएटिभ कमन्स् एट्रिब्युशन नन कमर्सियल लाईसेन्स अन्तर्गत अनुमति प्राप्त छ (CC BY-NC 3.0).

एलेक्स पोटरद्वारा सम्पादित प्रति
रिनी गाउलेटद्वारा सन्दर्भित
फ्रान्जिस्का स्वार्ज, एलेक्स ग्लीन तथा कोल साङग्वीनेटी द्वारा सञ्चार तथा प्रकाशन व्यवस्थापन गरिएको
आवरणतस्विर: फ्लिकर/बासिल स्त्हाम

# विषय सूची


शोधपत्रको कार्यक्षेत्र 4

पाठहरूको सारांश 4

छोटकरी तथा आदि वर्णिक शब्द 5

**पाठहरू**

रणनीति तथा व्यवस्थापन

1. राष्ट्रिय तथा स्थानीय सक्रिय कार्यकर्ताहरू, संरचनाहरू र सञ्जालहरूसँग र उनीहरू मार्फत कार्य गर्नुहोस्। 6
2. पहिला नै गरिएको विस्तृत तयारी योजना तर्जुमालाई प्रयोग गर्नुहोस्। 7
3. क्षमता विकासलाई मर्मभेदी सहायताको रूपमा हेरिएको र प्रयोग गरिएको बारे निश्चित गर्नुहोस्। 8
4. समन्वय अति आवश्यक छ अनि यो नेपालको सन्दर्भ अनुरूप हुनु पर्छ। 9
5. विद्यमान सर सामानहरू र सेवा वितरण प्रणालीलाई सहयोग गर्नुहोस्। 10
6. बन्दोबस्तीको सामानहरू नाजुक हुन्छन् र अन्तर्राष्ट्रिय सीप र राष्ट्रिय आवश्यकताहरूको प्रभावकारी दस्तुरी माग्छ। 11
7. प्रतिक्रियाको क्षेत्रीय प्रकृतिलाई मान्यता दिनुहोस्। 12
8. जनताको चाललाई बुझ्नु र पूर्वानुमान गर्नु अत्यावश्यक छ। 13
9. विशेष गरेर सहरी क्षेत्रको सीमान्तकृत, लुप्त र कमजोर जनतालाई विशेष ध्यान दिनुहोस्। 14

प्राविधिक वितरण

10. आँकलन नै उपयुक्त प्रतिक्रियाको लागि आधारशिला हो। 15
11. डिजीटल प्रविधि प्रयोग गर्नुहोस्, र प्रभावित समुदायहरूसँग दुई तर्फी सञ्चारमा संलग्न हुनुहोस्। 16
12. बजार विश्लेषणसँग जोडिएको नगदमा आधारित कार्यक्रम तर्जुमालाई प्रयोग गर्नुहोस्। 18
13. उच्च गुणस्तरको पानी नछिर्ने पालहरू जस्तो अस्थायी टिकाउ खालको आश्रयका साथ वर्षा यामको लागि तयार हुनुहोस्। 19
14. अर्को भूकम्पको लागि बन्तोबस्तीको सुरक्षालाई पुनर् निर्माण गर्नुहोस्। 21
15. भग्नावशेष व्यवस्थापन: सहरी कूडाकंकडहरूले एउटा चुनौती दिन्छ तर एउटा स्रोत पनि हो। 22
16. स्वास्थ्य र वाश (पानी, वातावरण सरसफाई, स्वास्थ्य)काममा चाँडो परिवर्तन आवश्यक छ अनि यसमा निरन्तर आकलन र अनुकूलन प्रतिक्रिया आवश्यक हुन्छ। 23
17. आकस्मिक शिक्षाको लागि प्रयासहरूले तत्कालीन र दीर्घकालीन आवश्यकताहरूलाई सम्बोधन गर्नुपर्दछ। 25

सन्दर्भ ग्रन्थ सूची 27

# शोधपत्रको कार्यक्षेत्र

यो पाठ शोधपत्रले क्रियाशिल संघसंस्थाहरूलाई २५ अप्रिल, २०१५ को भूकम्प प्रति प्रतिक्रिया दिन सहयोग गर्ने उद्देश्य राख्दछ। यसले क्रियाशिल मानवीय अभ्यासकर्ताहरूबाट पहिलाको तुलना योग्य विपत्तिबाट लिइएको मूल्याङ्क अनुसन्धानहरू, शोध पत्रहरू र अन्तर्वार्ताहरूमा आधारित १७ वटा पाठहरू उपलब्ध गराउँछ। प्रत्येक पा ठ पछि सान्दर्भिक जानकारीहरूको मुख्य लिङ्कहरू उपलब्ध गराइएको छ र शोधपत्रको अन्त्यमा सन्दर्भ सूची उपलब्ध गराइएको छ। पाठहरू दुई तहमा सङ्गठित गरिएको छ - रणनीति तथा ब्यवस्थापन र प्राविधिक वितरण।

काडमाण्डौबाट ८१ किमी उत्तर पश्चिममा ७.८ म्याग्नीच्युडको सतही भूकम्प गयो त्यसपछि दुईवटा सानो अनुवर्ती भूकम्प र तेज पराकम्पनहरू गयो। यसको असरको एक हप्तामा मात्र मृत्यु हुनेको सङ्ख्या ७,००० पुग्यो र यो सङ्ख्या अझ बढ्ने अपेक्षा गरियो। सरकारी आकलन अनुसार ७०,००० भन्दा बढी घरहरू नष्ट भए अनि असी लाख मानिसहरू यसबाट प्रभावित भए।

# पाठहरूको सारांश

## रणनीति तथा व्यवस्थापन

१. राष्ट्रिय तथा स्थानीय सक्रिय कार्यकर्ताहरू, संरचनाहरू र सञ्जालहरूसँग र उनीहरू मार्फत कार्य गर्नुहोस्।
२. पहिला नै गरिएको विस्तृत तयारी योजना तर्जुमालाई प्रयोग गर्नुहोस्।
३. क्षमता विकासलाई मर्मभेदी सहायताको रूपमा हेरिएको र प्रयोग गरिएको बारे निश्चित गर्नुहोस्।
४. समन्वय अति आवश्यक छ अनि यो नेपालको सन्दर्भ अनुरूप हुनु पर्छ।
५. विद्यमान सर सामानहरू र सेवा वितरण प्रणालीलाई सहयोग गर्नुहोस्।
६. बन्दोबस्तीको सामानहरू नाजुक हुन्छन् र अन्तर्राष्ट्रिय सीप र राष्ट्रिय आवश्यकताहरूको प्रभावकारी दस्तुरी माग्छ।
७. प्रतिक्रियाको क्षेत्रीय प्रकृतिलाई मान्यता दिनुहोस्।
८. जनताको चाललाई बुझ्नु र पूर्वानुमान गर्नु अत्यावश्यक छ।
९. विशेष गरेर सहरी क्षेत्रको सीमान्तकृत, लुप्त र कमजोर जनतालाई विशेष ध्यान दिनुहोस्।

## प्राविधिक वितरण

१०. आँकलन नै उपयुक्त प्रतिक्रियाको लागि आधारशिला हो।
११. डिजीटल प्रविधि प्रयोग गर्नुहोस्, र प्रभावित समुदायहरूसँग दुई तर्फी सञ्चारमा संलग्न हुनुहोस्।
१२. बजार विश्लेषणसँग जोडिएको नगदमा आधारित कार्यक्रम तर्जुमालाई प्रयोग गर्नुहोस्।
१३. उच्च गुणस्तरको पानी नछिर्ने पालहरू जस्तो अस्थायी टिकाउ खालको आश्रयका साथ वर्षा यामको लागि तयार हुनुहोस्।
१४. अर्को भूकम्पको लागि बन्तोबस्तीको सुरक्षालाई पुनर्निर्माण गर्नुहोस्।
१५. भग्नावशेष व्यवस्थापन: सहरी कूडाकंकडहरूले एउटा चुनौती दिन्छ तर एउटा स्रोत पनि हो।
१६. स्वास्थ्य र वाश (पानी, वातावरण सरसफाई, स्वास्थ्य) काममा चाँडो परिवर्तन आवश्यक छ अनि यसमा निरन्तर आकलन र अनुकूलन प्रतिक्रिया आवश्यक हुन्छ।
१७. आकस्मिक शिक्षाको लागि गरिएको प्रयासहरूले तत्कालीन र दीर्घकालीन आवश्यकताहरू दुवैलाई सम्बोधन गर्नु पर्दछ।

# छोटकरी तथा आदि वर्णिक शब्द

| | |
|---|---|
| आईडिपी | आन्तरिक रूपमा विस्थापित व्यक्ति |
| आईडीआरएल | अन्तर्राष्ट्रिय विपत्ति प्रतिक्रिया कानुनहरू |
| आईपीपीएफ | अन्तर्राष्ट्रिय योजना गरिएको अभिभावकता महासंघ |
| आरएससिजी | भाडा सहयोग नगद अनुदान |
| ईएमडीआर | आँखाको चाल असम्बेदनशीलिकरण तथा पुनर् संशोधन गर्नु |
| ईटिसी | आकस्मिक दूर सञ्चार समूह |
| एनआरआरसी | नेपाल जोखिम न्यूनीकरण संकाय |
| एनएसईटी | भूकम्प प्रविधिको लागि राष्ट्रिय समाज नेपाल |
| एनओईसी | राष्ट्रिय आपत्कालिन सञ्चालन केन्द्र |
| एनजिओ | गैह्र सरकारी संघ संस्थाहरु |
| एमम्मा | आकस्मिक छानबिन तथा बजारीकरण आँकलन |
| एलजिसीडीपी | स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम |
| एसआरएच | यौन तथा प्रजनन् स्वास्थ्य |
| ओसिएचए | मानविय मामिला सम्बन्धि समन्वयको लागि संयुक्त राष्ट्र संघको कार्यालय |
| काल्प | नगद सिकाइ साझेदारी |
| डब्लुएचओ | विश्व स्वास्थ्य सङ्गठन |
| मिरा | बहु-गण प्रारम्भिक द्रुत आँकलन |
| युएनडिपी | संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम |
| युएसएआईडी | अन्तर्राष्ट्रिय विकासको लागि संयुक्त राज्यको निकाय |
| राम | बजारहरूको द्रुत आकलन |
| वाश | पानी, सर सफाइ तथा स्वास्थ्य |
| सिडीएसी | विपत्तिको असर परेको समुदायहरूसँग सञ्चारण |
| सिडीडब्लु | निर्माण र खेरजाने बस्तु तोड्नु |
| सिबिओ | समुदायमा आधारित संघ संस्थाहरु |

# रणनीति तथा व्यवस्थापन

## पाठ १

### राष्ट्रिय तथा स्थानीय सक्रिय कार्यकर्ताहरू, संरचनाहरू र सञ्जालहरूसँग वा उनीहरू मार्फत कार्य गर्नुहोस् ।

सबै आपत्कालिन अवस्थाहरूमा जस्तै, अन्तर्राष्ट्रिय उत्तरदाताहरूले राष्ट्रिय र स्थानीय संघसंस्थाहरू र सञ्जालहरूसँग हातमा हात मिलाएर काम गर्नुपर्छ । नेपालमा, गृह मन्त्रालयमा रहेको राष्ट्रिय आपत्कालिन सञ्चालन केन्द्र (एनईओसी) ले राष्ट्रिय स्तरको विपत्ति व्यवस्थापनमा केन्द्रीय भूमिका खेलि रहेको छ, जसलाई प्रमुख जिल्ला अधिकारीहरू र गाउँ विकास समितिहरूले सहयोग गरेको छ । अनुभव भएका विभिन्न राष्ट्रिय गैह्र सरकारी संघ संस्थाहरू (एनजिओज) विद्यमान छन्, तिनीहरू मध्ये एक भूकम्प प्रविधिको लागि राष्ट्रिय समाज (एनएसईटी) हो, जोसँग नेपालमा भूकम्पबारे २० वर्ष भन्दा बढीको अनुभव छ । अरूहरू सामुदायिक तथा आस्थामा आधारित संघ संस्थाहरूमा छन्, जसमध्ये केहीको विपत्ति व्यवस्थापन अनुलङ्घनीय मूल रणनीतिको रूपमा रहेको छ ।

तोकिएको सरकारी विभागहरूको सहयोगमा राम्ररी परिभाषित गरिएको काम गर्ने तौर तरिकाहरू समाविष्ट भएको आकस्मिक समूहहरू नेपालमा लामो समय देखि स्थापित छ । भूकम्प जानु भन्दा पहिला नै समूहमा आधारित आकस्मिक योजनाहरू विकास गरिएको थियो र त्यसलाई नियमित रूपमा अद्यावधिक गरिएको छ(पाठ २ हेर्नुहोस्) नेपालमा सहयोगको इतिहास र यसको महत्त्वको कारणले अन्तर्राष्ट्रिय समुदाय र राष्ट्रिय सक्रिय कार्यकर्ताहरूको बीचमा धेरै राम्रा साझेदारी र सम्बन्धहरू स्थापित भएका छन् जसलाई पुँजी कृत गरिनु पर्दछ (पाठ ४ हेर्नुहोस्)। यस्ता सम्पर्कहरू राहत र पूनर्प्राप्ति प्रयत्न बीचको खाडललाई पुर्नको लागि मर्मभेदी हुने गर्छ ।

समुदायमा आधारित संघसंस्थाहरू (सिबिओज)जो खास गरेर सहरी गरिबहरूका लागि छन्, जसको राष्ट्रिय र महा नगरीय संरचनामा प्रायजसो प्रतिनिधित्व हुँदैन, तिनीहरू तत्काल राहत प्रयास र दीर्घकालीन पुनर् प्राप्तिमा चरम साझेदारहरू हुन सक्छन् । अनधिकृत रूपमा कुनै भूमिमा बस्ने समुदायहरूको राष्ट्रिय महासंघ र महिला सहकारी बचतको राष्ट्रिय महासंघ दुवै स्थानीय रूपमा प्रासङ्गिक प्रतिक्रियालाई मार्ग दर्शन गर्नमा मद्दत पुर्याउन सक्ने संघसंस्थाहरूका उदाहरण हुन् । यी दुवै विश्वव्यापी फोहर बस्तीका बासिन्दाहरूको अन्तर्राष्ट्रिय सञ्जालमा आबद्ध छन् ।

## लिङ्कहरू

- एनओईसी राष्ट्रिय आपत्कालिन सञ्चालन केन्द्र वेभ साईट:
  http://neoc.gov.np/en अनि
  ट्विटर फिड: http://twitter.com/neocofficial
- संयुक्त राष्ट्र संघ नेपाल जानकारी मञ्च:
  http://un.org.np
- एनएसईटी भूकम्प प्रविधिको लागि राष्ट्रिय समाज नेपाल:
  http://www.nset.org.np/nset2012/
- नेपालमा फोहर बस्तीमा बस्नेहरूको अन्तर्राष्ट्रिय:
  http://www.sdinet.org/country/nepal/

# पाठ २

## पहिला नै सुरु भैसकेको विस्तृत तयारी योजना तर्जुमालाई प्रयोग गर्नुहोस् ।

नेपाल खास गरेर भूकम्पको उच्च जोखिममा रहेको भन्ने कुरा सर्व विदितै छ । (विगतको १९३४ को ८.४ म्याग्निच्युडको ठूलो भूकम्पले करिब ८००० मानिसको ज्यान लियो) । परिणाम स्वरूप बितेका वर्षहरूमा कैयन् तयारीका पहलहरू ठाउँ ठाउँमा व्यवस्थित गरियो । २०११ मा स्थापना गरिएको नेपाल जोखिम न्यूनीकरण संघ (एनआरआरसी) ले सरकार, सहायता प्रदायक संस्था, दातृसंस्थाहरू, र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई एक जुट गराउँदछ । एनआरआरसी अन्तर्गत प्रमुख आयोजनाहरूमा विद्यालय र अस्पताल सुरक्षा र समुदायमा आधारित विपत्ति जोखिम व्यवस्थापन समावेश छन् । राहत र पुनर् प्राप्तिका प्रयासहरू पहिले देखि नै अस्तित्वमा रहेका मापदण्डहरूका साथै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसीडीपी)जस्तो भइरहेको विकास कार्यक्रमहरू माथि निर्मित हुनु पर्छ । कहिलेकाही एउटै संस्थामा काम गर्ने विकास र विपत्तिका सक्रिय कार्यकर्ताहरूले आफ्नो क्रियाकलापहरू सङ्गठित भएर संचालन गर्दैनन् जसले गर्दा ठूलो समस्याहरू औंल्याउँछ भन्ने कुरा हाईटीको अनुभवले देखाउँछ । (क्लेरमोन्ट ईट अल, २०११) । निर्दिष्ट मापदण्ड निम्न बमोजिम समावेश छन्:

- १९८२ को प्राकृतिक प्रकोप (राहत)ऐन र यसको प्रस्तावित वारिस विपत्ति व्यवस्थापन ऐन; २००८ को विपत्ति जोखिम व्यवस्थापनको लागि राष्ट्रिय रणनीति; २०११ को स्थानीय विपत्ति जोखिम व्यवस्थापन योजना तर्जुमा मार्गदर्शन र १९९४ को नेपाल राष्ट्रिय निर्माण आचार संहिता जस्तो हाल कायम रहेको कानुन सँग पङ्क्तिबद्ध गर्नु ।
- केन्द्रीय प्राकृतिक प्रकोप राहत समिति, स्थानीय अधिकारी वा सो सरह तथा जिल्ला र नगरपालिका स्तरमा एनईओसी लगायतको सरकारी संरचनाहरूसँग समन्वय गर्नु ।
- सन् २०१३ मा स्वीकृत गरिएको सामुदायिक विपत्ति व्यवस्थापन समिति निर्माण मार्गदर्शन अनुसार सामुदायिक स्तरमा निर्माण गर्ने ।
- पूर्व-तयार गरिएका जानकारीहरूलाई प्रयोग गर्नुहोस्, जस्तै भवनको नाजुकपनलाई प्रति चित्रण गर्नको लागि विद्यार्थी र युवा मानिसहरूको सहयोग लिएर विद्यालयहरूको जोखिम रूपरेखाको प्रतिचित्रणगर्ने (ग्रुन्वाल्ड तथा कार्पेन्टर, २०१४) ।
- निजी क्षेत्र लगायत विभिन्न सक्रिय कार्यकर्ताहरूको बीचमा नयाँ साझेदारी निर्माण गर्नुहोस् ।

## लिङ्कहरू

- सहरी तयारी- काडमाण्डौ उपत्यकाबाट सिकिएका पाठहरु: http://www.alnap.org/resource/10884.aspx
- एलजीसिडीएम, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम: http://lgcdp.gov.np/home/about_lgcdp.php
- एनआरआरसी अस्पताल तथा पुरानोविद्यालय भवनमा नयाँ सामान लगाउने कार्यक्रमहरू: http://un.org.np/sites/default/files/2012-12-26-Flagship-1-School.pdf

# पाठ ३

## क्षमता विकासलाई मर्मभेदी सहायताको रूपमा हेरिएको र प्रयोग गरिएको बारे निश्चित गर्नुहोस् ।

राष्ट्रिय र स्थानीय सक्रिय कार्यकर्ताहरूको क्षमता अभिवृद्धि र सहयोगले प्राणाधार युक्त सहयोग निर्माण गर्दछ । यी क्षमताहरू कमजोर भएको पाइएको स्थानहरूमा अन्तर्राष्ट्रिय मानवीय सहायता संघ संस्थाहरूले तिनीहरूलाई बलियो बनाउनको लागि समन्वयात्मक प्रयासलाई प्राथमिकता दिनु पर्छ । उपलब्ध गराइएको सहयोगको ढाँचामा रणनीतिक सहयोग, नेतृत्व तथा व्यवस्थापन परामर्श,उपदेशक, समर्थन, मेसिन औजार र आपूर्तिहरूलाई समावेश गर्नको लागि आधारभूत तालिम भन्दा टाढा जानु पर्दछ ।

क्षमता अभिवृद्धि कार्यमा एउटा अति महत्वपूर्ण प्राथमिकता राष्ट्रिय र स्थानीय शासन प्रक्रियाहरूमा लगानी गर्नु हो,जसमध्येको धेरैलाई भूकम्पले तहसनहस पारेको हुन सक्छ । एउटा प्रभावकारी मानवीय सहयोगको लागि केही प्रक्रियाहरू नेपालमा पहिला देखी नै मौजुद रहेको छ । उदाहरणको लागि, ४४ वटा जिल्लास्तरको अनि दुईवटा क्षेत्रीय स्तरको आकस्मिक सञ्चालन केन्द्रहरूको सञ्जालले एनईओसीसँगको लेखाजोखा र सञ्चारणमा, तथा स्थानीय सिबिओज, रेडक्रस कार्यालयहरू र प्रहरीसँगको सहकार्यमा प्राणदायी भूमिका खेलेको छ । एनईओसी सञ्जाललाई पहिला संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी), अन्तर्राष्ट्रिय विकास विभाग र वैदेशिक मामिला तथा व्यापार विभागले सहयोग गरेको थियो र यसलाई अझ अगाडि सहयोगको आवश्यकता छ । सहयोग प्रणालीको विकास पक्षमा सहकार्य गर्नु उपयोगी वित्तीय लगानी प्राप्त गर्नको लागि आवश्यक हुनसक्छ ।

## लिङ्कहरू

- मानवीय सहयोगको भविष्य निर्माण गर्दै:
  http://www.alnap.org/resource/9151.aspx
- दक्षिण एसियाली भूकम्प प्रतिक्रियामा मानवीय क्षमता:
  http://www.odihpn.org/humanitarian-exchange-magazine/issue-34/humanitarian-capacity-in-the-south-asian-earthquake-response-a-local-perspective
- मानवीय सङ्कटमा क्षमता विकास:
  http://www.intrac.org/data/files/resources/687/Praxis-Note-54-Capacity-Development-in-Humanitarian-Crises.pdf

# पाठ ४

## समन्वय अति आवश्यक छ अनि यो नेपालको सन्दर्भ अनुरूप हुनु पर्छ ।

पाठ १ ले टिप्पणी गरे बमोजिम, नेपालमा समूहमा रहने प्रणाली निकै पहिले देखिनै स्थापित छ । अन्य सङ्कटहरूमा जस्तै, संघसंस्थाहरूको ठूलो सङ्ख्यामा बिगबिगी पश्चात्, समन्वयलाई स्थानीय सान्दर्भिक बनाउनु पर्दछ । खराब बनाईएमा, समन्वयको संरचनाहरूले संलग्न सबैको लागत वृद्धि गर्छ अनि राष्ट्रिय र स्थानीय सक्रिय कार्यकर्ताहरूलाई समेट्दैन । मानवीय मामिलाहरूको समन्वयको लागि संयुक्त राष्ट्र संघको कार्यालयको (ओसिएचए) सहयोगमा राष्ट्रिय प्रतिक्रियालाई समन्वय गर्नको लागि एनईओसीले एउटा केन्द्रीयस्तरको भूमिका खेलिरहेको छ । एनईओसीले दुबै क्षेत्रगत समूह र अन्तर समूह समन्वयमा मद्दत पुर्याई रहेको छ । सरकारले पनि थप शासन र सुपरिवेक्षण प्रक्रिया स्थापना गरेको छ।उदाहरणको लागि, अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त राहत कोषहरूको बारेमा नेपालको केन्द्रीय बैकलाई दैनिक रूपमा विवरण दिने अनुरोध गर्नु हो ।

राष्ट्रिय र स्थानीय सक्रिय कार्यकर्ताहरूको समूहहरूको साथै ठूलो सङ्ख्याको क्षेत्रीय सक्रिय कार्यकर्ताहरूको विशेष गरेर भारत र चीनबाट आएकाहरूको भूमिका सुरुवात देखि नै स्पष्ट र अर्थ पूर्ण हुनु पर्दछ (१२ वटा सबैभन्दा बढी प्रभावित जिल्लाहरूका प्रमुख जिल्ला अधिकारीहरूसँग खास प्रभावकारी समन्वयको लागि सरकारले जोड दिएको छ), समूहहरूले नयाँ स्थानीय संलग्नताका प्रक्रिया पुन: सृजना नगर्ने कुरामा निश्चित हुनु पर्दछ साथै त्यसको सट्टामा भइरहेका एनजीओ र सिबीओहरूसँग सहकार्य प्रक्रिया निर्माण गर्ने र काम गर्नुपर्छ । अन्तर-समूह समन्वयका प्रयासहरूले त्यस्तो सम्बद्धताको प्रक्रियाहरूलाई सम्भव भए सम्म समूहहरू बीचमा साझेदारी गरिएकोबारे निश्चित गर्नु पर्दछ । पहिलाको सङ्कटमा प्रत्येक समूहले पृथक् संरचनाहरूको शृङ्खलाबद्ध विकास गरेका छन्, जुन प्रत्येकमा सामान्यतः उही राष्ट्रिय तथा स्थानीय सक्रिय कार्यकर्ताहरू संलग्न रहेका हुन्छन् । अनावश्यक नक्कली करणलाई सम्बोधन गर्नु अति आवश्यक हुन्छ ।

### लिङ्कहरू

- संयुक्त राष्ट्र संघको आकस्मिक मानवीय सहयोगको समन्वयलाई सबलीकरण गर्नु: http://www.alnap.org/resource/20122.aspx
- समूहगत उपागमबाट सिकिएका पाठहरू: http://sites.tufts.edu/jha/archives/1976
- मानवीय प्रतिक्रिया मञ्च वेभसाईट: http://www.humanitarianresponse.info/coordination

# पाठ ५

## विद्यमान सर सामानहरू र सेवा वितरण प्रणालीलाई सहयोग गर्नुहोस् ।

हाईटीको अनुभवले अन्तर्राष्ट्रिय सहयोगले मौजुदा अर्थ व्यवस्थामा हानी पुर्याउन सक्ने जोखिमलाई प्रकाश पार्दछ, उदाहरणको लागि, वस्तु तथा सेवाहरू निःशुल्क उपलब्ध गराएर मौजुदा सेवा प्रदायकहरूसँग अनुचित ढङ्गले प्रतिस्पर्धा गर्नु । यसलाई अनिवार्य रूपमा हुन दिन हुँदैन । जनतालाई आवश्यक वस्तु र सेवाहरू उपलब्ध गराउनको लागि सहरी स्थानहरूमा विद्यमान बलियो आर्थिक प्रणालीहरू छन् जसबाट लाभ लिइनु पर्दछ (आईएएससी, २०१०)अन्तर्राष्ट्रिय सक्रिय कार्यकर्ताहरूले त्यसै कारणले तिनीहरूलाई उनीहरूको पहिलाको क्षमतामा फर्कनमा मद्दत पुर्याउन अनिवार्य रूपमा यी प्रणालीहरू भित्र रहेर काम गर्नु पर्दछ र यी प्रणालीहरूलाई सहयोग गर्नु पर्दछ ।

तत्कालीन राहत प्रयास र दीर्घकालीन पुनर् प्राप्ति दुवैको आवश्यकता पुरा गर्नको लागि यस्तो गर्न सकिने अनेक विधिहरू छन् :

- सम्भव भए सम्म खाने कुरा तथा अन्य सहयोगका आपूर्तिहरू स्थानीयस्तरमा खरिद गर्नु पर्दछ । यो राम्रो बजार आकलनको आधारमा हुनु पर्दछ(पाठ १० हेर्नुहोस् ) ।
- वस्तु तथा सेवाहरूको खरिद क्षेत्रीय स्तरमा हुनु पर्दछ जस्तो भारतबाट (जहाँ निर्धारित यात्रा मार्गहरू खुला हुन्छन्, पाठ ७ हेर्नुहोस्)।
- अन्तर्राष्ट्रिय मानवीय क्षेत्रले पारस्परिक लाभलाई निश्चित गर्नको लागि राष्ट्रिय निजी क्षेत्रका सक्रिय कार्यकर्ताहरू सँग रणनीतिक र सञ्चालन स्तरमा निकट रहेर काम गर्नु पर्दछ । उदाहरणको लागि, स्थानीय पसलहरूलाई भण्डार फेरि भर्न र व्यापार फेरि सुरु गर्नको लागि नगदमा आधारित सहयोग गर्दा स्थानीय अर्थ व्यवस्थापन: आरम्भ गर्न मद्दत पुग्न सक्छ ।

अन्तर्राष्ट्रिय मानवीय क्षेत्रले राष्ट्रिय र स्थानीय गैरसरकारी क्षेत्रको मध्यस्थताहरूमा काम गर्ने र त्यसलाई बलियो बनाउने विधिहरू खोज्नु पर्दछ । यिनीहरू मध्ये कोही निजी क्षेत्र प्रत्यक्ष प्रतिक्रियावादीको रूपमा संलग्न हुन सक्छन् तर अरू प्राकृतिक रूपमा अझ बढी सृजनशील र मौलिक हुन सक्छन् । उदाहरणको लागि, भूकम्पले नेपाली पर्यटन उद्योगमा अल्पकालीन गम्भीर असर पार्न सक्ने देखिएकोले, मानवीय सक्रिय कार्यकर्ताहरूले आवास देखि यातायात, सञ्चार र बन्दोबस्तीको सामानको अत्यावश्यक सेवाहरू यसै क्षेत्रबाट खरिद गरेर पर्यटनको मागमा आउने कमीलाई आंशिक रूपमा मत्थर हुन सक्ने । यहाँनिर पुनर् प्राप्तिको प्रयासमा नयाँ योगदानहरू प्रवाहको रूपमा उपयोग गर्नको लागि पर्यटनको लागि अवसर समेत रहेको छ ।

देश भित्रका सक्रियकहरू तथा सञ्जालहरू, साथै विदेशिएका बलिया नेपालीहरू जसका सदस्यहरू प्रतिक्रियामा आफन्तजनहरूलाई नगद पठाउन (नेपालमा विप्रेषण कूल ग्राहस्थ उत्पादनको २५%ओगटेको छ) र प्रतिक्रियाको प्रयासमा फर्केर योगदान दिन दुवैमा सक्रिय रूपमा संलग्न छन् । भूकम्प जोखिम विप्रेषण बारेको एउटा चालू अनुसन्धान आयोजनाले उपयोगी जानकारी उपलब्ध गराउन सक्छ । तिनीहरूको अनुपम भित्रि र बाहिरी दृष्टिगोचरको कारणले, विश्वव्यापी नेपाली पेसाकर्मीको सञ्जाल जस्तो नेपाली समूहहरूसँगको संलग्नता एउटा सम्भावित महत्त्वपूर्ण जानकारी र सञ्जालको स्रोत हो ।

## लिङ्कहरू

- सहरी सङ्कट तथा मानवीय प्रतिक्रिया एउटा रचना समीक्षा: http://www.alnap.org/resource/20019.aspx
- जीएनपीएन, विश्वव्यापी नेपाली पेसाकर्मीको सञ्जाल: http://www.gnpn.org/#!kurakani/c1ppt
- भूकम्पको जोखिम न्यूनीकरण गर्नकोलागि विप्रेषण विश्लेषणात्मक परिणामहरू: http://www.elrha.org/hif-blog/remittances-reducing-risk-earthquakes-analyzing-results/

# पाठ ६

## बन्दो बस्तीको सामानहरू नाजुक हुन्छन् र अन्तर्राष्ट्रिय सीप र राष्ट्रिय आवश्यकताहरूको प्रभावकारी दस्तुरी माग्छ ।

प्रतिक्रियाले विमान स्थलको क्षमतामा कमी देखि लिएर ग्रामीण क्षेत्रको पहुँचमा बाधा पुर्याउँदै सडक तथा पुलहरूमा पुगेको क्षतिसम्म असङ्ख्य बन्दोबस्तीको साँघुरो स्थानहरूको सामना गर्नु पर्छ । क्षेत्रगत रूपमा, भारत र चीनद्वारा सामग्रीहरू उपलब्ध गराइएको छ । भारतबाट नेपालमा जाने चारवटा मुख्य सडकहरू छन् । (तलको लिङ्क हेर्नुहोस्) ।

नेपाली र क्षेत्रीय सैनिक र अन्तर्राष्ट्रिय निजी क्षेत्रको दक्षता तैनाथीले नाजुक सवालहरूमा मद्दत पुर्याइ रहेको छ, तर अझ बढी सहयोगको आवश्यकता छ । हालका अन्य विपत्तिहरूको तुलनामा नेपालमा अन्तर्राष्ट्रिय सैनिक स्रोतहरू तैनाथ गर्नमा ढिलो भएको छ । बन्दोबस्तीको समूहले थप बन्दोबस्तीको सहयोग प्राप्त गर्नको लागि युपिएस र डिएचएलसँग पहिले नै काम थाली सकेको छ, अनि डोएचे पोष्ट डिएचएलले त्रिभुवन विमानस्थलमा सहयोग व्यवस्थापन गर्ने क्षमता उपलब्ध गराइ रहेको छ । प्रतिक्रियाको सुरुमा भन्सार आवश्यकताहरू समस्या पूर्ण भएको विवरण दिइएको छ अनि सम्भावित रूपमा सरकार र अन्तर्राष्ट्रिय समुदायको बीचमा एउटा चरम बिन्दु हुन सक्छ । त्यस कारण सहयोगको दक्षता र प्रभावकारितामा सुधार ल्याउनको लागि अन्तर्राष्ट्रिय मानवीय समुदायले एउटा सक्रिय बीचौलीयाको रूपमा काम गर्नु पर्दछ भने प्रभावित राज्यहरूको लागि अन्तर्राष्ट्रिय विपत्ति प्रतिक्रिया ऐन(आईडीआरएल) मार्गदर्शनहरूलाई प्राथमिकता दिनु पर्दछ ।

## लिङ्कहरू

- काठमाण्डौमा सडक पहुँचका मार्गहरू, भारतबाट काठमाण्डौ: http://quakehub.net/post/117670320993/agencies-considering-road-routes-for-movement-of
- आईडीआरएल मार्गदर्शनहरू: http://www.ifrc.org/en/what-we-do/idrl/idrl-guidelines/
- बन्दोबस्तीको सामान समूह नेपाल: http://www.logcluster.org/ops/nepal
- भन्सार निर्गमबारे टिप्पणीहरू अनि उपयोगी सम्पर्कहरू: http://un.org.np/headlines/note-customs-clearance-and-useful-contacts

# पाठ ७

## प्रतिक्रियाको क्षेत्रीय प्रकृतिलाई मान्यता दिनुहोस् ।

भूकम्प प्रतिक्रियाको खास गरेर केन्द्रीय भूमिका खेल्ने भारत र चीनसँग एउटा बलियो क्षेत्रीय आयाम छ । अन्तर्राष्ट्रिय सक्रियकहरूले तिनीहरूलाई समर्थन तथा समन्वय गर्नु पर्छ र यी सक्रियकहरूलाई परस्परमा सहयोग गर्नु पर्छ । नेपाल क्वेक हब मार्फत गरिएको समन्वयमा एसियाली विपत्ति न्यूनीकरण तथा प्रतिक्रिया सञ्जालको छ जना सदस्यहरू एनएसईटी नेपाल, एसईईडिस ईण्डीया, मर्सी मलेसिया, पिजीभिएस ईण्डीया, डक्टर्स फर यु ईण्डीया अनि ढाका कम्युनीटी हस्पीटल बाङ्लादेश ले प्रतिक्रिया जनाई सकेका छन् (तलको लिङ्क हेर्नुहोस्) ।

मुख्य क्षेत्रीय सक्रियकहरूको प्रयासहरू सबै स्तरमा एकीकृत गरि कार्य गर्नु पर्छ । म्यान्मारमा नर्गीस समुद्री आँधी आएपछि सरकार, संयुक्त राष्ट्र संघ र दक्षिण पूर्व एसियाली राष्ट्रहरूको संघद्वारा एउटा अन्तरिम समन्वय कर्ता निकायको रूपमा त्रि पक्षीय मूल समूहको सृजनाले प्रतिक्रिया र पुनर् प्राप्तिमा अझ वृहत् अन्तर्राष्ट्रिय-क्षेत्रीय सहयोगको लागि मार्ग प्रशस्त गर्यो । क्षेत्रीय अदाकारहरूलाई गृह मन्त्रालयको एनईओसी प्रणालीमा एकीकृत गर्नको लागि यस्तै खालको प्रयास गरिनु पर्छ । सञ्चालन व्यवस्थापनको स्थानीय स्तरहरूमा क्षेत्रीय संलग्नताको लागि यसले एउटा बलियो मञ्च पनि उपलब्ध गराउनु पर्छ, उदाहरणको लागि क्षेत्रीय अदाकारहरूको प्रतिनिधिहरूलाई विभिन्न समूहहरूमा ल्याएर, स्रोतहरूको अझ असल प्रयोग तर्फ डोर्याएर अनि जिल्ला र स्थानीय स्तरमा समन्वयको न्यूनीकृत बोझ ।

## लिङ्कहरू

- क्वेकहब:
  http://www.quakehub.net
- एसियाली विपत्ति न्यूनीकरण तथा प्रतिक्रिया सञ्जाल:
  http://www.adrrn.net
- नर्गीस समुद्री आँधी त्रि पक्षीय मूल समूह:
  http://www.burmapartnership.org/tag/tripartitie-core-group/

# पाठ ८

## जनताको चाललाई बुझ्नु र पूर्वानुमान गर्नु अत्यावश्यक छ ।

सहरी जनसंख्या उच्च चलायमान हुन्छन् भन्ने हाईटी भूकम्प प्रतिक्रियाको मुख्य पाठहरू मध्येको एक हो, अनि सहयोगका प्रयासहरूले गतिको लेखाजोखा अनिवार्य रूपमा राख्ने कार्य गर्नु पर्छ । यो नेपालमा स्पष्ट हुँदै गई रहेको छ, जहाँ भूकम्प गएको एक हप्ता भित्र करिब १,००,००० मानिसहरूले ग्रामीण क्षेत्रमा जानको लागि, साथै कैयन् मानिसहरू आफ्नो पुर्खौली थलोमा फर्कँदै काठमाण्डौ छाडे । भारत तर्फ ठूलो सङ्ख्यामा सीमा पारी स्थानान्तरण भएको उपाख्यानात्मक विवरण दिइएको छ । यो एउटा खुला अन्तर्राष्ट्रिय सीमा हो र मानव तस्करको लागी परिचित मार्ग हो (तलको लिङ्क हेर्नुहोस्)। भूकम्पबाट विस्थापित व्यक्तिहरू खास गरेर किशोरीहरू मानव तस्करहरुको लक्ष्य हुन सक्छ भन्नेबारे संघसंस्थाहरू सावधान हुनु पर्छ ।

जनताको आगमन र बहिर्गमनबारे लेखाजोखा राख्नु एउटा मुख्य चुनौती हो । हाईटीमा मोबाईल फोनलाई निगरानी गरेर त्यसो गर्ने असङ्ख्य प्रयासहरू गरिएको थियो; यद्यपि,उक्त सूचना वास्तविक समयमा परिचालन सम्बन्धी निर्णय लिनमा प्रयोग गर्नको लागि उपलब्ध हुन सकेको थिएन । यद्यपि,असल सूचना व्यवस्थापन संयोजित रूपमा गर्न सर्वेक्षण र आकलन मार्फत जनताको चाल अझ प्रत्यक्ष विधिले लेखाजोखा गर्न फोन, ट्याब्लेट, र कम्प्युटरहरूलाई प्रयोग गर्न सकिन्छ (पाठ १० र ११ हेर्नुहोस्) । यसको लागि जिल्ला र गाउँस्तरको अधिकारीहरू सँगको सहकार्य आवश्यक हुन्छ जसलाई अत्यन्त जरुरी प्राथमिकता दिएर जनसङ्ख्या परिवर्तनलाई लेखाजोखा गर्न लगाइनु पर्छ ।

## लिङ्कहरू

- मानव तस्करी विरुद्ध संयुक्त राष्ट्र संघीय पहल: http://www.ungift.org/knowledgehub/en/stories/September2014/unicef-reports-7-000-nepali-women-and-girls-trafficked-to-india-every-year.html
- २०१० को हाईटी भूकम्प पछि जनता विस्थापनको भविष्यवाणी: http://www.pnas.org/content/109/29/11576.full
- जनसङ्ख्याको चाललाई विश्लेषण गर्नको लागि फ्लोमाईण्डर औजार: http://www.flowminder.org/about/

# पाठ ९

## विशेष गरेर सहरी क्षेत्रको सीमान्तकृत, लुप्त र कमजोर जनतालाई विशेष ध्यान दिनुहोस् ।

सीमान्तकृत र लुप्त मानिसहरूको लागि सहरहरू नै घरहरू हुन । यसमा उत्पीडन वा कानुनी दायराबाट भागेकाहरू, गैर कानुनी आप्रवासीहरू र /अथवा समाजमा अरू भन्दा फरक सोचिएकाहरू जस्तै समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी अनि हिजडा मानिसहरू एलजिबीटी (सेन्डर्सन तथा नक्स क्लार्क, २०१२) समावेश हुन पनि सक्छन् । यस्ता कैयन् समूह र व्यक्तिहरू खास तवरले फेला परिन चाहँदैनन् अनि धेरै सहयोग आधारित भएको मान्यता प्रति भिन्न व्यवहार गर्न सक्छन्: सहरी कोलम्बीयामा गरिएको अनुसन्धानले त्यहाँको सीमान्तकृत समूहहरूको प्राथमिकता 'निष्क्रिय' र 'अदृश्य' रहनुको कारण पत्ता लगायो (ज्याकोब्सेन २०११)। लिङ्ग पनि एउटा थप आयाम हुन सक्छ, जसको सम्बन्धमा त्यस्तो समूहहरूको महिलाहरूलाई विशेष गरेर सीमान्तकृत गरिएको हुन पनि सक्छ । आईएफआरसी को २०१० को लैङ्गिक मार्गदर्शन (पाठ १० हेर्नुहोस्) ले यो टिप्पणी गर्छ कि महिलाहरूले लिङ्गको कारणले प्रायजसो पुरुषले भन्दा थप घाटा व्यहोर्ने गर्छन् । यी घाटाहरूलाई केही समुदाय र संस्कृतिहरू भित्र बढ्न सक्छ जहाँ विशेष गरेर महिलाहरू एकल, पारपाचुके गरेको, विधवा वा बाँझोपन भएको अवस्थामा हुन्छन् ।

अक्याप्स २०१५ ले रिपोर्ट गरे अनुसार नेपालमा दलित समुदायहरू विशेष गरेर असुरक्षित छन् साथै बसोबासको छनौट र सेवाहरूमा पहुँचको आधारमा भेदभाव गरिन्छ, जसको परिणाम स्वरुप'दलितहरू उच्च रूपमा असुरक्षित स्थानहरूमा बसोबास गर्ने' र 'बाढी र अन्य प्राकृतिक प्रकोप पछि राहत र पुनर्स्थापना प्रयासमा व्यवस्थित ढङ्गले वर्जित गरिएका' हुन्छन् । शरणार्थीहरूको लागि संयुक्त राष्ट्र संघीय उच्च आयुक्तले रिपोर्ट गरे अनुसार नेपालमा करिब ४०,००० शरणार्थी र आश्रय खोज्ने मानिसहरू छन् अनि सन् २०१३ मा करिब ५०,००० आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू छन् (आईडीपीज) । आईडिपी को कानुनी खाकाबारे २०१२ मा गरिएको एउटा अनुसन्धान पत्र बमोजिमको सबैभन्दा असल अभ्यास र राष्ट्रिय योजनाहरू तलको लिङ्कमा दिइएको छ ।

आकलनहरूले खास गरेर सुरक्षा एउटा मुद्दा हुने असुरक्षित जनताहरू/मानिसहरूबारे जोड दिनु पर्छ । महिला र बालबच्चा मूली रहेको घरहरूको अतिरिक्त,बुढापाका,तथा अशक्त, अन्य समूहहरू हुल र अन्य सङ्गठित अपराधिक क्रियाकलापहरूमा प्रभावित हुन सक्छन् । भूकम्प गएको केही दिन पछि देखा परेको उपाख्यानात्मक प्रमाणले हात हतियार बोकेका गिरोहहरूको सङ्गठित, व्यवस्थित घुस पैठलाई औंल्याउँछ । औपचारिक र अनौपचारिक दुवै शिविरहरूमा सुरक्षा एउटा महत्वपूर्ण विचारणीय पक्ष हुनेछ ।

## लिङ्कहरू

- अक्यापको नेपाल भूकम्प प्रतिक्रियाबाट सिकेका पाठहरू: http://www.alnap.org/resource/20123.aspx
- नेपालमा आन्तरिक रूपमा प्रति स्थापित व्यक्तिहरू: http://www.alnap.org/resource/20124.aspx
- आईएएससी सुरक्षा समूह: शिविर समन्वय र शरणस्थलको लागि सुरक्षा जाँच सूची: http://un.org.np/attachments/iasc-protection-cluster-protection-checklist-camp-coordination-and-shelter

# प्राविधिक वितरण

## पाठ १०

### आँकलन नै उपयुक्त प्रतिक्रियाको लागि आधारशिला हो ।

एउटा प्रभावकारी प्रतिक्रियाको लागि राम्रो आकलन अनिवार्य रूपमा गर्नु पर्दछ (प्राउडलक, २००९)। आकलनले अतिरिक्त तथ्याङ्कलाई संयोजित गर्छ (जस्तो कि जनगणना र नक्सासँग सम्बन्धित जानकारीहरू) अनि आँकलन टोलीहरूद्वारा प्राथमिक जानकारी सङ्कलन गरिन्छ । द्विरावृत्ति हुन नदिन र दक्षतामा कमी आउन नदिनको लागि आँकलनहरू जहिले पनि मानकीकरण र सहमति भए अनुसार आकलन उपागमहरू प्रयोग गरेर निकायहरू द्वारा संयुक्त रूपमा गरिनु पर्दछ जस्तो बहु सामूहिक प्रारम्भिक द्रुत आकलन (मिरा) जसको लागि नेपालमा तालिम दिइएको छ ।

सहरी क्षेत्रमा पहुँच र सघनताले विशेष चुनौती दिन्छ । कैयन् ग्रामीण समुदायहरूको दुर्गमताको अर्थ आँकलनले केही समय लिन सक्छ भन्ने हो । मानवरहित हवाई वाहन अर्थात् ड्रोन द्वारा जम्मा पारिएको जानकारी योजनाबद्ध र संरचित आँकलनको एक भाग हुनु पर्छ । युएभिआएटोअर्स र ग्लोबल मेडिक जस्ता संस्थाहरू नेपालमा तैनाथ गरिन लागिएको छ । रङ्गीन सङ्केत द्वारा जनाइएको उच्च गुणस्तरको तस्विरहरूमा प्रस्तुत गरिएको पत्ता लागेका कुराहरूले प्रारम्भिक क्षति आँकलनको लागि आधार उपलब्ध गराउने छ ।

आवश्यकता आँकलनहरूमा क्षमता आँकलन समेत हुनु पर्दछ, जस्तै, समुदाय तथा संरचनाहरू भित्र भएका सबल पक्षको पहिचान, सीपहरू, सञ्जालहरू, स्रोतहरू जुन उपयोग गर्न सकिन्छ इत्यादि । क्षमता पत्ता लगाउनु, जुन प्राय जसो गर्ने गरिँदैन, खास गरेर स्रोत र सीपमा धनी रहेको सहरी क्षेत्रमा सान्दर्भिक हुन्छ (क्लेरमोन्ट ईट अल २०११) सहरी क्षेत्रहरूको लागि एक्यापले भर्खरै सार्वजनिक गरिएको द्रुत मानवीय आँकलन सहरी स्थानमा प्राविधिक सारपत्रले (कुरिअन, २०१५) ऊर्ध्वत्व, विविधता, कानुन सम्मत र जनघनत्व जस्ता सहरी चुनौतीहरूलाई सम्बोधन गर्छ । प्रादेशिक आँकलनका औजारहरूमा आवास विपत्ति पछिको आँकलन (पिएनडीए) को मार्गदर्शनहरू (विश्व बैक/ जिएफडीआरआर, २०१२) अनि आईएफआसी को बजारहरूको लागि द्रुत आकलन (राम) समावेश छन्(पाठ १२ हर्नुहोस्) भने बहु प्रादेशिक आँकलनमा आईएफआरसीको विपत्ति आपतकालिन आवश्यकता आकलन (आईएफआरसी, २०००) समावेश छ । टिप्पणी उठाउनु पर्ने अन्य बुँदाहरू निम्न बमोजिम छन्:

- आँकलन टोलीमा लैङ्गिक सन्तुलन आवश्यक हुन्छ । पाकिस्तानमा गरिएको पहिलाको मूल्याङ्कनले अत्याधिक रूपमा पुरुषद्वारा नेतृत्व गरिएको आँकलन टोलीहरूले महिलाको आवश्यकताहरूलाई पुरा नगरेको कुरा औंल्याएको छ । (आईएफआरसी, २०१०) ।
- क्षति आँकलनको लागि तालिम प्राप्त ईन्जिनियरहरूलाई वा भवनहरूको सुरक्षा आकलन गर्नको लागि यथेष्ट मात्रामा तालिम लिएकाहरूलाई प्रयोग गर्नुहोस् । संरचनागत रूपमा सुरक्षित भवनहरूको पहिचानले प्रभावित मानिसहरूको पुनर्वासलाई मद्दत पुर्याउँछ । विभिन्न प्रकारको भवनहरूको लागि भारत सरकार र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले (आर्या, एनडी) उत्पादन गरेकोद्रुत दृश्य छानबिन औजार जस्ता नमुना उपयोगी हुन सक्छ ।
- भविष्यको पुन:निर्माण कार्यक्रमहरूको लागि असल आवास भण्डारणलाई कहाँ थप्न सकिन्छ भनेर हेर्नुहोस् ।

## लिङ्कहरू

- मिरा:
  http://un.org.np/resources/mira
- एक्यापको सहरी क्षेत्रमा द्रुत मानवीय आँकलन:
  http://www.alnap.org/resource/20125.aspx
- आरसीसी भवनहरूको द्रुत दृश्य छनौट:
  http://www.alnap.org/resource/20127.aspx
- आईएफआरसी विपत्ति व्यवस्थापनको लागि लैङ्गिक संवेदनशील उपागपहरूको एक व्यवहारिक मार्गदर्शन:
  http://www.alnap.org/resource/20126.aspx

# पाठ ११

## डिजीटल प्रविधि प्रयोग गर्नुहोस्, र प्रभावित समुदायहरूसँग दुई तर्फी सञ्चारमा संलग्न हुनुहोस् ।

मानवीय प्रतिक्रियामा डिजिटल जानकारीको प्रयोग द्रुत गतिमा विकास भइरहेको क्षेत्र हो । ओसिएचए को २०१२ सञ्जाल युगमा मानवीयतावादले नयाँ जानकारीको वातावरणको लाभ लिनको लागि सहायता संघ संस्थाहरूले नयाँ तथ्याङ्कको स्रोतहरूसँग काम गर्न,फराकिलो शृङ्खलाको साझेदारहरूसँग सहकार्य गर्नको लागि विधिहरू फेला पार्नु पर्छ, र सङ्कटमा परेका मानिसहरूको लागि जानकारी आफै मा जीवन बचाउने आवश्यकता हो भन्ने कुरालाई बुझ्ने विधिहरू फेला पार्नु पर्छ भन्ने कुरामा जोड दिन्छ । हाईटीको भूकम्प, समुद्री आँधी हाईयान र आँधी पाम को लागि भर्खरको प्रतिक्रियाहरू छानबिन, जानकारी क्राउडसोर्सीङ र सामाजिक आम सञ्चारलाई निगरानी गर्नु उपयोगिताको साक्षी भएको छ (भिन्क, २०१३, मायर, २०१५) ।

तथ्याङ्क र जानकारी साझेदारी गर्ने स्थापित संघ संस्थाहरूको कर्तव्य हुनु पर्दछ । संयुक्त आँकलनमा यो हुने भएकोले, तथ्याङ्क व्यवस्थापन कार्य टोलीको निर्माणले राम्रा तथ्याङ्कहरू साझेदारी र आदान प्रदानमा अझ औचित्य थप्नेछ । नेपालमा सरकारी, राष्ट्रिय र स्थानीय सक्रिय कार्यकर्ताहरू द्वारा उत्पादित नामावली देखि क्षति आँकलनको देखि जिल्ला स्तरको सम्पर्क सम्मका धेरैजसो जानकारीहरू सर्वप्रथम नेपालीमा छन् । अनुवादको सीपहरू र बहु भाषिक कर्मचारी सदस्यहरू अधिमूल्यमा हुनेछन् अनि एनईओसीद्वारा गरिएको एउटा केन्द्रीकृत प्रयास निकै बढी लाभदायी हुनेछ ।

नेपालमा डिजिटल सञ्चालनहरू प्रगतिमा छ । म्यापएक्सनले ढलेको र आंशिक रूपमा ढलेको भवनहरूलाई साङ्केतिक नक्साहरू जिल्लागत रूपमा उत्पादन गर्दैछ । ओपनस्ट्रिटम्याप ले पनि नक्साहरू उत्पादन गर्दैछ भने तैनाथ कार्यबल र क्राईसीस म्यापर लगायत अन्यले जानकारीहरू सङ्कलन गर्दै छन् । ह्युमानीटी रोडले जानकारीको सूक्ष्म जाँच गर्नको लागि स्वास्थ्य, सञ्चार र समन्वय लगायतका विभिन्न प्रकरणहरूको शृङ्खलामा दैनिक अद्यावधिकमा सामाजिक सञ्जाललाई निगरानी राखि रहेको छ । यदि यसलाई तिनीहरूको क्रियाकलापहरूमा मूल रूपमा प्रवाहित गरिएमा र यो योजनाबद्ध ढङ्गले सङ्कलन गरिएमा संघ संस्थाहरूले यस जानकारीलाई उपयोग गर्न सक्नेछन् । प्रतिक्रियालाई मार्गदर्शन गर्नको लागि क्राउडसोर्सीङ जानकारी पनि उपलब्ध छ काठमाण्डौ लिभिङ ल्याब्सले ओपनस्ट्रिटम्यापमा थपेर अनि थप महत्वपूर्ण जानकारी सङ्कलन गरेर भूकम्प प्रतिक्रियामा योगदान दिएको छ भने शान्तिको

सामूहिक अभियानले मानव अधिकार र सुरक्षा रिपोर्टहरू सङ्कलन गर्ने कामलाई निरन्तरता दिइरहेको छ ।

डिजिटल ग्लोब जस्तो सङ्गठनहरूले उपलब्ध गराएको भू उपग्रह नक्साहरूको प्रयोगले क्षति आँकलनको लागि तयारी जानकारी उपलब्ध गराउन सक्छ भने तुलना उपलब्ध गराउनको लागि घटना पूर्वको चित्रहरू पनि सङ्कलन गर्न सकिनेछ । युरोपियन युनियनको कोपरनिकस कार्यक्रमले उच्च गुणस्तरको भू उपग्रह र छानबिन तस्विरहरू उपलब्ध गराउँछ । क्षति ग्रस्त भवनहरू ट्याग गर्नको लागि क्राउडसोर्सीङ गर्ने काम (जस्तो कि तोन्मोड) पनि सुरु गरिएको छ यद्यपि स्वयम् सेवकहरूले गरेको अवस्थामा उत्पादन गरिएको जानकारीको प्रमाणीकरण गर्नु पर्दछ । विश्व खाद्य कार्यक्रमद्वारा संयोजित सङ्कटकालीन टेलिकम समूह ईटीसी ले ईन्टरनेट आड पाएको र सुधारिएको सञ्चार निश्चित गर्ने लक्ष्य राख्दछ ।

पृष्ठपोषणका फन्दाहरू स्थापना गर्न,विरोधाभाषी सन्देशहरूलाई निषेध गर्नर अफवाहलाई खण्डन गर्नको लागि **प्रभावित समूहहरूसँग अझ असल दुईतर्फी सञ्चार हासिल गर्न आवश्यक हुन्छ** । नयाँ सञ्चार माध्यमले प्रस्तुत गर्ने विभिन्न स्रोतहरूले जानकारको सत्यतालाई प्रमाणीकरण गर्न मद्दत पुर्याउने भएकोले, प्रस्तुत गरिएको जानकारी परस्पर विरोधी नभएको निश्चित गर्नको लागि संघ संस्थाहरूले अझ बढी सहकार्य गर्न आवश्यक हुन्छ । विपत्ति प्रभावित समुदायहरूको सञ्जाल (सिडीएसी) -जसले नेपालमा प्रतिक्रिया जनाइ रहेको छ र नियमित अद्यावधिक उपलब्ध गराउँदै आएको छ उ सँग सञ्चारण गर्नाले यस क्षेत्रमा मूल्यवान् दक्षता उपलब्ध गराउँछ । बिबिसी मिडीया एक्सन र एएमआरसी जस्तो संघ संस्थाहरूको द्रुत प्रतिक्रिया निर्माण गर्दै संयुक्त राष्ट्र संघ बाल कोषद्वारा नेतृत्व गरिएको समुदायहरूको कार्य टोलीसँग सञ्चारण स्थापना गरिएको छ । हाईटिको सबै भन्दा असल अभ्यासहरू बारेको सिडीएसीको मूल्याङ्कनले एसएमएसको प्रयोग, समुदायमा आधारित सञ्चार प्रणालीहरू अनि स्थानीय मिडिया र फोन कम्पनीहरू सँगको कार्यको प्रयोगबारे पाठहरू उपलब्ध गराउँछ (वाल, २०११) ।

रेडियोहरू जानकारीहरूको मूल्यवान् स्रोतहरू हुन् । सेन्दाई भूकम्प र सुनामी पछि सहरी सेन्दाईमा स्थानीय रेडियोहरू प्रभावित समुदायहरूको लागि मूल्यवान् जानकारीहरूको महत्वपूर्ण स्रोत बन्यो (सेन्डरसन तथा नक्स क्लार्क, २०१२) । नेपालमा सामुदायिक रेडीयो फराकिलो रूपमा फैलिएको छ । सामुदायिक रेडियो सङ्गठन एएमएआरसी एसिया पेसिफिकले आफ्नो फेसबुक पेजमा प्रगतिबारेको जानकारीहरू अद्यावधिक गरिरहेको छ । सञ्चारको सञ्जाललाई बलियो बनाउनको लागि र राष्ट्रिय स्थानीय समन्वयलाई वृद्धि गर्नको लागि मुम्बई, भारतमा रेडियो ईन्जिनियरहरूले नेपाल रेडियो सञ्जालकहरूसँग कार्य गरि रहेका छन्, जसलाई अन्तर्राष्ट्रिय मानवीय प्रविधि पहल र प्रयाससँगकोसंलग्नता र सहकार्यद्वारा वृद्धि गर्न सकिन्छ ।

## लिङ्कहरू

- सामुदायिक रेडियो आर्मार्कः
  http://ap.amarc.org
- कोपरनिकस सङ्कटकाल व्यवस्थापन सेवाः
  http://emergency.copernicus.eu/mapping/ems-product-component/EMSR125_03POKHARA_GRADING_OVERVIEW/1
- सिडीएसी विपत्ति प्रभावित समुदायहरूसँग सञ्चार गर्नुः
  http://www.cdacnetwork.org/i/20150427181249-24olc/
- ईटिसी आकस्मिक टेलिकम्युनिकेशन समूहः
  http://ictemergency.wfp.org/web/ictepr/emergency-telecommunications-cluster

# पाठ १२

## बजार विश्लेषणसँग जोडिएको नगदमा आधारित कार्यक्रम तर्जुमालाई प्रयोग गर्नुहोस् ।

भर्खरका वर्षहरूमा, नगदमा आधारित कार्यक्रम तर्जुमा एउटा शक्तिशाली कार्यक्रम तर्जुमाको उपागम साबित भएको छ । ओचाको २९ अप्रिलको नेपाल भूकम्प प्रतिक्रियाको लागि फ्लास अपिल ले 'खाद्य सुरक्षा, गुजारा र अन्य क्षेत्रहरूको लागि एउटा नाजुक निवेश' उपलब्ध गराउनको लागि नगद कार्यक्रम तर्जुमाको आवश्यकतालाई उदृत गर्दछ । नगद कार्यक्रमहरूले प्राप्तकर्ताहरूलाई तिनीहरूको आफ्नै आवश्यकताहरूलाई प्राथमिकता दिन र बजारलाई सहयोग गर्न अनुमति दिनुको साथै संघसंस्थाहरूको लागि लेनदेनको लागत न्यून हुन्छ । लेबनानमा ८७७०० सहरी शरणार्थीहरूको निमित्त जाडोयामकृत नगद कार्यक्रमको अन्तर्राष्ट्रिय बचाउ कमिटीले सन् २०१४ गरेको एउटा मूल्याङ्कनले अन्य कुराहरूको मध्ये मूल्यमा कुनै पनि सार्थक असर नपरेको, बाल श्रम घटेको र स्थानीय अर्थ व्यवस्थालाई ठूलो लाभ पुगेको भेट छ (लेहम्यान र मास्टरसन, २०१४) । हाईटीमा असल असर पार्दै नगद स्थानान्तरणहरू प्रयोग गरिएको थियो । नगद कार्यक्रम तर्जुमाबारेको ग्रुपे युआरडीको समीक्षा स्थानान्तरणले खाद्य पदार्थ, गैह्र खाद्य वस्तु र ऋण तिर्ने जस्तो जीविकोपार्जन सँग सम्बन्धित प्रकरणहरू लगायत विभिन्न क्षेत्रहरू वारपार प्रयोग गर्न सकिन्छ भन्ने टिप्पणी उठाएको थियो । (काउफम्यान, २९१२) एउटा समुद्रपार विकास संस्थान अध्ययन कार्यक्रमले रिपोर्ट गरे बमोजिम 'नगद स्थानान्तरणको प्राथमिक लक्ष्य आधारभूत आवश्यकता पुरा गर्नु थियो' ।

नगदी कार्यक्रम तर्जुमामा सोच्नुपर्ने चासोका विषयहरू रहेका छन् । एउटा चाही अनुदान सशर्त वा निशर्त दिने भन्ने हो । पछिल्लो चाहिँलाई लागू गर्न सजिलो छ र प्राप्तकर्ताहरूद्वारा प्राथमिकता दिइएको छ । तैपनि सशर्त अनुदानलाई प्राथमिकता दिने राम्रा कारण हुन सक्छन्, उदाहरणको लागि, दाताको विश्वसनीयता को लागि । अन्य प्रकरणहरू पहुँच, प्रभावित जनताको पहिचान (आकलनको दौरानमा गरिएको) र नगद स्थानान्तरणको विधि हुन् ।

**नगद वितरणको लागि सावधानी पूर्ण सोच विचार आवश्यक हुन्छ ।** हाईयान समुद्री आँधी पछि कैयन् संघसंस्थाहरूले दुर्गम क्षेत्रहरूमा भौतिक रूपमा नगद लिएर गए अनि यसले काम गरेपछि निकायहरूको कर्मचारीहरूको सुरक्षाको सरोकारहरू थिए । भर्खरको वर्षहरूमा मोबाईल नगद स्थानान्तरण हटाइएको हुँदा नेपालमा बैकिङको हालको अवस्था कमजोर भएको छ: नेपालमा गरिबको लागि चलायमान नगदबाट पछिल्लो २०१४ को उत्तरार्द्धमा आएका कैयन् विवरणहरू बमोजिम औपचारिक बैङ्किङको आवश्यकता र विस्तारको अवसरमाथि जोड दिईएको छ । पुनर् प्राप्ति सञ्चालनहरू संलग्न हुन सक्ने क्षेत्र यही हो । बचत तथा ऋण सहकारी समाजहरू वा राष्ट्रिय वाणिज्य बैकद्वारा सुरुवात गरिएको गरिबसँग बैङ्किङ कार्यक्रम जस्ता मौजुदा स्थानीय पहलहरूसँग काम गर्नाले पाठ ५ बमोजिम उपयुक्त लक्ष्य निर्धारण र वितरणका चुनौतीहरूलाई पराजित गर्ने अवसर उपलब्ध गराउँछ ।

**नगदमा आधारित कार्यक्रम तर्जुमाको लागि एउटा पूर्वाधार हाल सञ्चालित बजारहो ।** सहरी क्षेत्रका बजारहरू प्रायजसो आफै र चाँडै पुनर् स्थापित हुने गर्छ । आपत्कालिन मार्गदर्शनमा (शिवकुमारन, २०११) नगद सिकाइ साझेदारी (काल्पस्) को बजार विश्लेषणले बजार विश्लेषणले कसरी प्रभावको लाभ पुर्याउँछ र आवश्यक भएको स्रोतहरू तर्फ सङ्केत गर्छ भन्नेबारे वर्णन गर्छ । आकस्मिक छानबिन र बजार आँकलन (एमम्मा)उपकरण सँग जाँचिएको र परीक्षण गरिएको उपागम छ, अनि यसलाई प्रारम्भिक आँकलनलाई प्रयोग गरेर अनि जनताको चाल कम भएपछि विपत्ति भए पछिको छोटो समयमा लागू गरिएमा उपयोगी

हुनेछ । (हाईटीमा भूकम्प गएको ४ हप्ता पछि एउटा एम्मा गरिएको थियो)आईएफआरसीको बजारको द्रुत आँकलन मार्गदर्शनको अभिप्राय विपत्ति भएको पहिलो केही दिन भित्र प्रयोग गर्नको लागि हो र यसले निम्न लिखित मुख्य प्रश्नहरूलाई सम्बोधन गर्छ जस्तै:

१. बजार व्यवस्थामा कस्तो प्रभाव पारेको छ ?
२. मानिसहरूलाई आवश्यक हुने वस्तु तथा सेवाहरू स्थानीय रूपमा नै उपलब्ध छन् ?
३. वस्तुहरूको बढ्दो मागलाई पुरा गर्नको लागि बजारहरू सक्षम छन् ?
४. के नगद वितरण र खर्च सुरक्षित तवरले गर्न सकिन्छ ?

## लिङ्कहरू

- एम्मा टुलकिट:
  http://emma-toolkit.org/
- प्रारम्भिक आपत्कालिन बजार आँकलनको लागि मार्गदर्शन:
  http://www.alnap.org/resource/20128.aspx
- आपतकालीन अवस्थामा काल्पबजार विश्लेषण:
  http://www.alnap.org/resource/7468.aspx

# पाठ १३

## उच्च गुणस्तरको पानी नछिर्ने पालहरू जस्तो अस्थायी टिकाउ खालको आश्रयका साथ वर्षा यामको लागि तयार हुनुहोस् ।

पाकिस्तान भूकम्पको पाठले उच्च गुणस्तरको पालहरू अस्थायी शरणस्थलको साध्य विकल्प भएको कुरालाई समर्थन गर्छ,यद्यपि: आउँदो वर्षायामको लागि तिनीहरू पानी नछिर्ने भएको कुरालाई निश्चित गर्नको लागि थप सामग्रीहरू आवश्यक हुन सक्छ जुन सामान्यतः जुन महिनाको मध्य देखि अन्तिमसम्ममा सुरु हुन्छ (स्टप्स र एसमोर, २००७) ।

हाईटीमा सङ्क्रमणकालीन आश्रय स्थलहरूको प्रयोग व्यापक रूपमा आलोचित हुन पुग्यो भने हाईयान समुद्री आँधी पछि आश्रय स्थल सरसामानहरूको प्रयोग बढी सफल भयो । त्यस कारणले अस्थायी आश्रय स्थल प्रति एउटा लचकदार उपागम आवश्यक हुन्छ; यो पनि टिप्पणी उठाउनु पर्छ कि हाईयान समुद्री आँधी जस्तो विगतको विपत्तिमा'तत्कालीन आश्रय स्थलको आवश्यकताहरूको विशाल बहुसङ्ख्यक परिवार र मित्रहरूबाट पुरा गरिएको थियो'(हान्ले ईट अल., २०१४) । यो असामान्य होइन: सहयोग जसलाई वास्तवमा आवश्यक हुन्छ तिनीहरूमा १०% मात्र पुग्ने गर्छ भनेर आईएफआरसीले बताउँछ (आईएफआरसी, २०१३) । यस वास्तविकतालाई हेर्दै, आवश्यकता सँग कार्यक्षेत्रलाई सन्तुलन गर्नको लागि संघसंस्थाहरूले आश्रय स्थल पुनर् प्राप्तिको लागि आफूहरू कसरी संलग्न हुने भन्नेबारे सोच विचार गर्नु आवश्यक हुन्छ(पाठ १४ हेर्नुहोस्) ।

ग्रामीण क्षेत्रहरूमा पालहरू वा अस्थायी आश्रय स्थलको अन्य रूपहरू तयारी अवस्थामा प्रयोग गर्न सकिने हुन्छ, यद्यपि यदि त्यो सुरक्षित तवरले गरिएको निश्चित गर्नको लागि यथेष्ट सहयोगमा

पुनर्निर्माण तत्काल भएमा त्यो सबैभन्दा राम्रो विकल्प हो । सहरी क्षेत्रहरूमा सघनता र खाली स्थानबारे सोच्दा अस्थायी आश्रय स्थल निकै बढी जटिल प्रकारको हुने गर्छ अनि ग्रामीण रूपरेखाहरू सहरी आवश्यकतासँग सुहाउँदो हुँदैन (सेन्डरसन ईट अल, २०१४) उद्यान, चोक अनि खेलकुदको स्थानहरू जस्ता खुला सहरी स्थानहरूलाई घरबार विहीन मानिसहरू र/अथवा भवनहरूमा फेरि प्रवेश गर्न डराउनेहरूले चाँडो भरिने गर्छ भन्ने कुरा विगतको सहरी विपत्तिहरूले देखाउँछ । कैयन्सँग अस्थायी आश्रय स्थलहरू हुन सक्छ । अन्यले हप्ता वा महिना दिन पछि फर्कनको लागि अन्यत्र बस्न जानको लागि सहर छाड्ने गर्छन् भने कोहीले परिवार र मित्रहरूसँग भित्र आउने गर्छन् । नेपालमा अस्थायी आश्रय स्थलको लागि आश्रय स्थल समूहको मार्गदर्शन यो छ कि योजनाबद्ध अस्थायी बस्ती स्थलहरू आवश्यक छन् तर तिनीहरूलाई अन्तिम आश्रय मानिन्छ । पहिलाको घर र समुदायहरू भन्दा टाढा अवस्थित योजनाबद्ध अस्थायी स्थलहरूमा पुनर्वासको आवश्यकतालाई न्यूनीकरण गर्नको लागि सबै प्रयासहरू गरिनु पर्छ (आश्रय स्थल समूह, २०१५) ।

**यदि शिविरहरू निर्माण गरिएमा तिनीहरू जति सक्दो बढी अस्थायी गराउने प्रयास गर्नु पर्छ ।** शिविरहरूको आवश्यकता हुन सक्ने भए पनि – अन्त्यमा नेपाल सरकारको तयारी योजनामा पहिलै पत्ता लगाईएका सम्भावित स्थलहरू छन्–यो जति सक्दो छोटो समयको लागि हुन पर्छ । 'एउटा राहतको परिप्रेक्ष्यमा योजनाबद्ध बस्तीहरूलाई कायम राख्न र सेवा दिन सामान्यतः निकै महँगो हुने गर्छ र यसलाई बन्द गर्न निकै कठिन हुने गर्छ' भनेर आश्रय समूहले टिप्पणी उठाउँछन् (२०१५) । पाकिस्तानको भूकम्प पछि अधिकारीहरूले छ महिना पछि शिविरहरू बन्द गरे: केही मानिसहरूको लागि यो विवादास्पद निर्णय भएको थियो भने दीर्घ राहतको जोखिमलाई रोकिएको थियो । यस विपरीत हाईटीमा, स्रोतहरूको धनी शिविरहरू तिनीहरूको अस्तित्वलाई चिरस्थायी बनाउनुका साथै केही मामिलाहरूमा वर्षौं सम्म पनि स्थायित्व दिए ।

**अस्थायी आश्रय स्थलहरू – आवास, भूमि र सम्पत्तिमाथिको अधिकारको सम्बन्धमा – को लागि नियामक अवरोधहरू सार्थक सोच विचार हुनेछ ।** यस विषयमा नेपालमा भर्खर गरिएको एउटा अध्ययनले यो निष्कर्ष निकाल्यो कि आकस्मिक आश्रय स्थलको प्रावधानमा कानुनहरू, नीतिहरू अनि नियमहरूलाई विरलै मात्र लागू गरिन्छ ... [जसमा] प्रभावकारी आपत्कालिन आश्रय स्थलको प्रावधानलाई विभिन्न तवरले हानी पुर्याउने सम्भावना हुन्छ (आईएफआरसी, २०१४) । यी अभिप्रायहरूमा, कानुनी हैसियतको सम्बन्धमा सान्दर्भिक अधिकारीहरू सँगको परामर्शमा सावधानी पूर्वको योजना तर्जुमा एउटा पूर्वाधार हुनेछ । संयुक्त राज्य अन्तर्राष्ट्रिय विकास संघ (युएसएआईडी) को प्रालेखमा यस क्षेत्रबारे उपयोगी पृष्ठभूमि जानकारीहरू रहेको छ ।

## लिङ्कहरू

- एम्मा टुलकिट:
  http://emma-toolkit.org/
- एक प्रारम्भिक आपत्कालिन बजार आँकलनको लागि मार्गदर्शनहरू:
  http://www.alnap.org/resource/20128.aspx
- काल्प आपत्कालमा बजार विश्लेषण:
  http://www.alnap.org/resource/7468.aspx

# पाठ १४

## अर्को भूकम्पको लागि बन्तोबस्तीको सुरक्षालाई पुनर् निर्माण गर्नुहोस् ।

सिलसिलाबद्ध समीक्षा र मूल्याङ्कनहरूले जति सक्दो चाँडो स्थायी बस्तीहरू पुनर्निर्माण गर्नमा सहायता कोषहरू लगानी गर्ने आवश्यकतालाईँ औल्याउँछ (डेभिस, २०१३) यस मोडमा सुरक्षित तवरले पुनर्निर्माण गर्नुको उद्देश्य अर्को भूकम्पको लागि तयार हुनु हो ।

ग्रामीण क्षेत्रहरूमा सुरक्षित निर्माण विधिमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउनु आवश्यक हुन्छ । दुर्गम स्थानको प्रकृतिमा 'खाली खुट्टा स्थापित निर्माताहरू', ईन्जिनियरहरू अनि तालिम प्राप्त बनाउनेहरूले सहयोग उपलब्ध गराउन सक्छन् । २००१ को गुजरातको भूकम्प पछि सिड्स ईण्डीयाले डकर्मी संघहरूको कामदारहरूलाई सुरक्षित निर्माण विधिहरूमा तालिम दियो । पाकिस्तान भूकम्प पछि त्यही सङ्गठनले सरल विधिहरू प्रयोग गरेर सुरक्षित तवरले पुनर्निर्माण गर्ने आवश्यकतालाई प्रदर्शन गर्दै दूरस्थ समुदायहरूको लागि चलायमान सहयोग पनि उपलब्ध गरायो । सुरक्षित तवरले पुनर्निर्माण गर्ने सिद्धान्तहरूलाई पालना गरिएको निश्चित गर्नको लागि पुनर्निर्माणको प्रगति मापन गरिनु आवश्यक हुन्छ । सबै भन्दा माथि, सफलताको लागि यस कार्यमा संलग्न रहेका संघसंस्थाहरूले प्रदायकको होइन सहजकर्ताको भूमिमा अँगाल्नु आवश्यक हुन्छ अर्थात् स्थानीय निर्माताहरूलाई रोजगारी दिएर सहारा र सहयोग उपलब्ध गराउँदै एउटा विकासगत आधारमा समुदायहरूसँग काम गर्नु इत्यादि ।

सहरी क्षेत्रमा आश्रय र बस्तीहरूको लागि क्षेत्रमा आधारित उपागमबारे सोच्नुहोस् । कोमलता पुनर्निर्मित होइन भन्ने कुरा अनिवार्य हो –संलग्न रहेको सबैको डिएनएमा निर्माणको मानकहरू अंतत स्थापित हुनु आवश्यक छ । यसको अर्थ अधिकारीहरू र स्थानीय गैह्र सरकारी संस्थाहरूसँग काम गर्दा सोच विचार पुर्याइएको र समन्वय गरिएको प्रतिक्रिया हो । समुदायले हाँकेको निर्णय गर्ने साँचो विकासगत सिद्धान्तमा जरा गाडिएको एउटा क्षेत्रमा आधारित उपागम (युएसएड/अमेरिकी विपत्ति सहायता कार्यालयले छिमेकमा आधारित उपागमको रूपमा सन्दर्भ लिएको) समुदायको प्राथमिकताहरूमा आधारित बहु क्षेत्रीय आवश्यकताहरूलाई समन्वय गर्नको लागि एउटा प्रभावकारी उपागम हुन सक्छ । यो सहरी नेपालको छिमेकमा भौतिक र सामाजिक भिन्नताहरूलाई मान्यता दिनमा उपयोगी हुनसक्छ । क्षेत्रमा आधारित उपागमहरूको (पार्कर र मेन्यार्ड, २०१५) बारेमा भर्खर गरिएको समीक्षाले यस उपागमले राम्ररी काम गरेको पाँचवटा मामिला अध्ययनहरू प्रस्तुत गर्छ । टाक्लोबान सहरमा गरिएको एउटा अध्ययनले क्याथोलिक राहत सेवाहरू ले पेसागत सहयोगको साथमा नगद र सामग्रीहरू लगायत घरहरू मर्मत गर्ने कार्यस्थल सहयोगमा संलग्न हुँदै ३,००० घरहरूको लागि एउटा एकीकृत सहरी आश्रय स्थल र बस्तीहरू पुनर् प्राप्ति कार्यक्रम लागू गरेको छ ।

एउटा बस्ती उपागमको अर्थ प्रतिक्रियाले योजनाकार, वास्तुविद र ईन्जिनियरहरू जस्ता सीप भएको सहरी पेसाकर्मीहरूलाई रोजगारी दिनु र उनीहरूसँग काम गर्नु आवश्यक हुन्छ । सहायता संघसंस्थाहरूले सान्दर्भिक योजना अधिकारीहरू सँगको सहकार्यमा काम गर्नु आवश्यक हुन्छ । सहरी रूपले निम्न कुराहरूबारे पनि सोच विचार गर्नु र पालना गर्नु आवश्यक हुन्छ,संयुक्त राष्ट्र संघीय आवासको २०१० नेपाल सहरी क्षेत्र आवास प्रालेख ले निर्माण प्रारूप वर्गीकरण र खाली स्थानको प्रयोगबारे उपयोगी जानकारीहरू उपलब्ध गराउँछ । हाईटीमा व्यापक प्रयोग गरिएको भाडा अनुदान र आयोजना गर्नु जस्ता सहायताको अन्य रूपहरूबारे पनि सोच विचार गरिनु पर्छ । तालिम नलिएका निर्माताहरूद्वारा गरिने भविष्यको विपत्तिको सामना गर्न नसक्ने न्यून गुणस्तरको अनौपचारिक पुनर्निर्माणलाई रोकथाम गर्ने प्रयास पनि गरिनु पर्छ । यसलाई आश्रय स्थल समूहको क्रियाकलापहरूको क्षेत्रमा समावेश गरिनु पर्छ, उदाहरणको लागि, एउटा रिपोर्ट गर्ने प्रणालीलाई संस्थागत गर्नु प्राविधिक सहयोग र समर्थन उपलब्ध गराउनु ।

भाडामा बस्नेहरू –जसलाई प्रायजसो सहरी आश्रय स्थल प्रतिक्रियाहरूमा उपेक्षा गर्ने गरिन्छ– को लागि भाडा सहयोग नगद अनुदानहरू एउटा विकल्प हो। हाईटीको एउटा मामिला अध्ययन भएको विश्व बैकको (२०१४) आरएससिजी सञ्चालन नियम पुस्तिकाले त्यस्तो कार्यक्रम स्थापना गर्नेबारे मार्गदर्शन उपलब्ध गराउँछ। भूकम्पले अनौपचारिक सहरी बस्तीहरूलाई सहयोग गर्ने एउटा अवसर पनि प्रस्तुत गर्छ। संयुक्त राष्ट्र संघ नेपाल मञ्चले अङ्ग्रेजी र नेपाली भाषामा फोहर बस्तीका बासिन्दाहरू र भूमि कब्जा गरेर अवैद्य रूपमा बस्नेहरू बारे जानकारी उपलब्ध गराउँछ। फोहर बस्तीबारे काम गरिरहेका संघ संस्थाहरूले एउटा अतिरिक्त रूपमा जटिल सरोकार प्रस्तुत गर्छ जहाँ सबै भन्दा असुरक्षितहरूले बढी नियमित गरिएको छिमेकको तुलनामा उस्तै स्तरको सहयोगहरू नपाउन पनि सक्छन्। यहाँनेर मौजुदा समुदाय र गैह्र सरकारी संस्थाको संरचनाहरूसँग कार्य गर्नु अति आवश्यक हुन्छ।

## लिङ्कहरू

- संयुक्त राष्ट्र संघीय ह्याबिट्याट नेपाल सहरी आवास क्षेत्र प्रालेख: http://www.alnap.org/resource/20089.aspx
- संयुक्त राष्ट्र संघ जानकारी मञ्च-सहरी फोहर बस्ती बासिन्दाहरू र भूमि कब्जा गरेर अवैद्य रूपमा बस्नेहरू: http://un.org.np/oneun/undaf/slum
- विश्व बैकं भाडा सहायता नगद अनुदान सञ्चालन: नियमावली पुस्तिका: http://www.alnap.org/resource/20131.aspx

# पाठ १५

## भग्नावशेष व्यवस्थापन: सहरी कूडाकंकडहरूले एउटा चुनौती दिन्छ तर एउटा स्रोत पनि हो।

ठूलो सङ्ख्याको कूडाकंकडहरूले एउटा सहरी विपत्तिको घटना निर्मित हुन्छ, जसले एउटा चुनौती प्रस्तुत गर्छ तर जुन एउटा स्रोत पनि हुनसक्छ। अन्य खतराहरूलाई रोकथाम गर्नको लागि त्यस्तो कूडाकंकडहरूको व्यवस्थापन सावधानी पूर्वक गर्न आवश्यक हुन्छ, उदाहरणको लागि, हाईटी भूकम्पपछि पोर्ट आउ प्रिन्समा आँधीबेहरीले कूडाकंकडहरूलाई ढलमा हाले पछि बाढी आएको थियो। संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम को मार्गदर्शन टिप्पणी –कूडाकंकड व्यवस्थापन (२०१३)। ले अवस्थागत विश्लेषण, व्यवस्थापन, समुदायहरू र सरकारी खाकाहरूलाई संलग्न गराउने बारे सल्लाह उपलब्ध गराउँछ। 'सिकिएको पाठहरू'ले पहल गर्नु, आँकलनहरू गर्नु, पारवहनको मार्गहरू पहिचान गर्नु र साझेदारी बनाउनुलाई जोड दिन्छ। संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको २०१३ दस्तावेज कूडाकंकड व्यवस्थापन –विकासको द्वारले दीर्घकालीन सहभागीता र छिमेक आर्थिक पुनर् प्राप्ति लगायत दीर्घकालीन पुनर् प्राप्तिले, हाईटीबाट सिकिएको पाठलाई जोड दिन्छ। कूडाकंकड सफाइले मानिसहरूलाई आय आर्जन गर्ने अवसर उपलब्ध गराउन सक्छ, उदाहरणको लागि, कामको लागि नगद एउटा कार्यक्रम मार्फत यद्यपि उपयुक्त सुरक्षात्मक पहिरन र हेरचाहको सिद्धान्तलाई पालना गर्नु आवश्यक हुन्छ।

सकेसम्म चाँडो कार्यस्थल छनौट र फोहरमैला छुट्याउने कुरालाई सम्बोधन गर्नु पर्ने कारक तत्त्वहरू थिए। निर्माण र खेर जाने पदार्थ भत्काउने (सिडीडब्लु), खास गरेर भारतमा ध्यान आकर्षण गर्ने बढ्दो क्षेत्र हो जहाँ सिडीडब्लु लाई पुनर्निर्माणमा टायलहरू बनाउनमा सफलता पूर्वक प्रयोग गरिएको छ, अनि यसले जगको सामग्री उपलब्ध गरेकोछ।

एक्यापले यो रिपोर्ट गरे बमोजिम '२००५ को पाकिस्तानको भूकम्पले कूडाकंकडलाई तत्काल अस्थायी भण्डारण गर्न आवश्यक हुन्छ' भन्ने देखायो। निर्माण सामग्रीहरूलाई बचाउनु पर्छ: ईँटाहरूलाई सफा गरेर पुन:प्रयोग गर्न सकिन्छ भने पुन:सुदृढीकरण गरिएको कङक्रिटबाट निस्केको रिबारहरूलाई पुन:प्रयोग गर्नको लागि सीधा बनाउन सकिन्छ। कूडाकंकडहरूलाई वृद्धिको आधारमा हटाउन सकिन्छ: पहुँच दिने र अस्थायी आश्रय स्थलको प्रावधानको प्रारम्भिक चरणमा र पछि पुनर्निर्माण सुरु भएपछि। कूडाकंकड सफाइको सम्बन्धमा संवेदनशीलता पनि आवश्यक हुनसक्छ। परिवारको सदस्यहरू पुरिएको सम्पत्तिहरू हानी भएको वा कूडाकंकडले तिनीहरूको घरको अवस्थितिलाई प्रतिनिधित्व गर्ने भएको कारणले घर ढलेका घर मालिकहरूले भग्नावशेष कूडाकंकड हटाउन नचाहन सक्छन्।

## लिङ्कहरू

- सीडीडब्लु: निर्माणमा खेर गएको सामानलाई पुन प्रयोग गर्ने भारतको पहिलो मेसिन:
  http://www.thehindu.com/news/cities/Delhi/indi-as-first-plant-that-recycles-construction-waste/article6362727.ece
- संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको भग्नावशेष व्यवस्थापन –विकासको ढोका:
  http://www.revistahumanum.org/revista/wp-content/up-loads/2013/10/TOI-Interactive-English.pdf
- संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम मार्गदर्शन टिप्पणी - भग्नावशेष व्यवस्थापन:
  http://www.alnap.org/resource/11707.aspx

# पाठ १६

## स्वास्थ्य र वाश (पानी, वातावरण सरसफाई, स्वास्थ्य) काममा चाँडो परिवर्तन आवश्यक छ अनि यसमा निरन्तर आकलन र अनुकूलन प्रतिक्रिया आवश्यक हुन्छ।

विगतको विपत्तिको अनुभवमा आधारित भएर नेपाली जनताको स्वास्थ्य सम्बन्धी आवश्यकताहरू, मानसिक आघात र आम घाइते व्यवस्थापनको (प्रायजसो करिब दुई हप्ता भित्र) लागि आकस्मिक स्वास्थ्य उपचार सम्बन्धी हेरचाह आवश्यक हुने, घातक चरणबाट पुनर्स्थापना सङ्क्रामक रोगको जोखिम व्यवस्थापन बाँचेकाहरूको मनोवैज्ञानिक आवश्यकताहरूलाई सम्बोधन गर्नमा बढी ध्यान केन्द्रित भएको घातक पछिको चरणमा परिवर्तन हुनेछ। मृत शरीरहरूबाट रोगको जोखिमलाई पटक पटक बढाइ चढाइ गर्ने गरिन्छ, उच्च जनघनत्वहरूसँग संयुक्त भएको जनताहरूको आम गतिविधि, अनावरणको बढेको स्तर अनि अस्वस्थ्यकर पानी र सफाइको कमीले सङ्क्रामक रोगहरूको मामिलाहरूको लागि सम्भावित अवसर उत्पन्न गर्छ

र नाजुक स्तरहरूमा पुग्ने गर्छ । दादुरा म्यानेन्जाईटिस र हैजा जस्तो पानीबाट उत्पन्न हुने रोगहरूमा यो खास गरेर लागू हुन्छ ।

**रोगको राम्रो निगरानी गर्नु महत्वपूर्ण हुन्छ,** अनि नयाँ अनुगमन गर्ने प्रविधिहरू र प्रतिरक्षणहरू जस्ता प्रतिक्रियाहरूको शृङ्खलाहरूको उपयुक्त सक्रियकरण द्वारा सहजिकरण गर्न सकिन्छ । फिलिपिन्समा मोबाईलमा आधारित एउटा विपत्ति पछिको स्वास्थ्य निगरानी प्रणाली स्थापना गरिएको थियो जुन अहिले राष्ट्रिय स्तरमा पुगेको छ । हाईयान समुद्री आँधी पछि यसले हजारौं रोग निगरानी सक्रियकरण तर्फ डोर्यायो जस मध्ये प्रत्येकलाई राष्ट्रिय वा स्थानीय सक्रियकहरूद्धारा वर्ताव गरिएको थियो अनि विशेष गरेर आपत्कालिन अवस्था पछिको स्थितिमा उपयोगी साबित भएको थियो ।

सहरी ठाउँहरूमा, यौन तथा प्रजनन स्वास्थ्य (एसआरएच) को आवश्यकताहरू पनि प्रधान हुन्छ अनि अन्तर्राष्ट्रिय समुदायहरूद्धारा ति कुराहरूलाई कमजोर तवरले सम्बोधन गरिएको हुन्छ । अन्तर्राष्ट्रिय नियोजित अभिभावकता महासंघ आईपीपीएफ को तेज दौड पहलले नेपालमा कर्मचारी तैनाथ गर्दैछ, अनि एसआरएच आवश्यकताहरूलाई यथेष्ट रूपमा आँकलन गर्ने र उपयुक्त ढङ्गले समाधान गर्ने कुरा निश्चित गर्नको लागि यससँग विभिन्न विधि र औजारहरू छन् ।

**जोडिएर रहेको दीर्घकालिन रोगहरूको व्यवस्थापन महत्वपूर्ण हुनेछ,** किनभने उच्च रक्तचाप र मधुमेह जस्ता अवस्थाहरूमा पहुँच तथा हेरचाहमा, अवरोध पुगेका स्वास्थ्य हेरचाह प्रणालीले गर्दा, गम्भीर रूपमा प्रभावित हुनेछ ।

**मनोवैज्ञानिक आघात, तनाव, चिन्ता र निराशाको घटनाहरू विपत्तिहरू पछि वृद्धि हुने गर्दछ ।** प्रियजनहरू र घर गुमाएका, विस्थापन, सामाजिक सञ्जालमा पुगेको अवरोध, अनि नेपालीहरूलाई महत्वपूर्ण सामाजिक सांस्कृतिक अनि मनोवैज्ञानिक सहारा उपलब्ध गराउने खालका लामो समय देखि खडा रहेको कैयन् सांस्कृतिक तथा धार्मिक भवनहरू नष्ट भएको कारणले नेपालमा भूकम्पको परिणाम पछि यसको उच्च जोखिम रहेको छ । यसको साथै मनोवैज्ञानिक प्राथमिक उपचार र आँखाको चाल, असम्वेदनशिलिकरण तथा पुन: प्रक्रिया (ईएमडीआर) जस्तो परामर्श दिने र उपचारको उपयुक्त रूप प्रयोग गर्ने, हाईयान समुद्री आँधीको अनुभवले विपत्ति पछिको आश्रय स्थल पुन:निर्माणमा विपत्तिबाट बाँचेकाहरूको सक्रिय संलग्नताले व्यक्तिगत र सामूहिक मनोवैज्ञानिक पुनर्लाभ प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्न सक्ने कुरालाई सङ्केत गर्छ ।

यसका साथै अझ बढी जटिल स्वास्थ्य सम्बन्धी आवश्यकताहरू वृद्धिसँग झेल्न, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले गरेको द्रुत स्वास्थ्य आँकलनले नेपाली स्वास्थ्य हेरचाह प्रणालीलाई बलियो बनाउने आवश्यकतामा जोड दिन्छ । चारवटा सबैभन्दा बढी प्रभावित क्षेत्रहरूका अस्पताल र क्लिनिकहरूमा त्यो बिन्दुसम्म क्षति पुगेको छ कि तिनीहरू अब उपरान्त सञ्चालन हुन सक्ने छैनन्, अनि अत्यावश्यक औषधिहरू देखि शल्य क्रियाका औजार, आईभी फ्लुड, एन्टीबायोटिकहरू, टाँका लगाउने पदार्थसम्मका निर्णायक आपूर्तिहरू तत्काल आवश्यक छन् । संघ संस्थाहरूले फराकिलो विविधताको मौजुदा स्वास्थ्य हेरचाह प्रदायकहरूसँग कार्य गर्नु पर्दछ । खास गरेर, सहरी जनताहरूले स्वास्थ्य र पौष्टिकता सँग सम्बन्धित सेवाहरू परम्परागत आरोग्यकर्ताहरू, निजी र सार्वजनिक क्षेत्रका प्रदायकहरू अनि औषधि विक्रेताहरू लगायत फराकिलो विविधताको स्रोतहरूबाट लिने गरेका छन् । यी सेवाहरू परम्परागत रूपमा शुल्कमा आधारित हुने भएकोले संघ संस्थाहरूले निःशुल्क वा न्यून शुल्क लाग्ने गरी उपलब्ध गराएर यस प्रकारले मौजुदा प्रदायकहरूलाई उल्टो असर पार्दै अनुचित तवरले प्रतिस्पर्धा नगर्न सावधान हुनु आवश्यक छ (पाठ ५ हेर्नुहोस्) ।

**पानी, सर सफाइ र स्वास्थ्य (वास)** ले मुख्य चुनौती प्रस्तुत गर्दछ र एउटा प्रभावकारी र समयमा प्रतिक्रिया दिन कठिन हुन्छ । संघ संस्थाहरूले यस क्षेत्रमा सहयोग उपलब्ध गराउँदा लैङ्गिक चासोका विषयहरू प्रकरणमाथि ध्यान दिन आवश्यक छ, उदाहरणको लागि, वास, सुविधाहरूको ढाँचा तयार गर्दा महिला र पुरुषमा रोगको भेदकर असर, पानी लिन जाँदा महिलाको भूमिका र सुरक्षा र लैङ्गिक हिंसा । पानी र सरसफाइको आवश्यकताहरूलाई परिप्रेक्ष्यमा विशेष रणनीतिहरूको फराकिलो शृङ्खला मार्फत पुरा गरिनु पर्दछ । सेभ द चिल्ड्रेनले रिपोर्ट गरेको चाँडो वाश प्राथमिकताहरू स्वच्छ पानी,निजी र सुरक्षित चर्पी अनि महिला र केटीहरूको लागि नुहाउने स्थान र स्वास्थ्यका सामग्रीहरू हुन । हाईटीको भूकम्प पछि सहरी क्षेत्रहरूमा लैङ्गिक संवेदनशील वाश सुविधाहरूबारेको अक्सफामको अनुभवले साझेदारी स्थापना गर्ने, शिविरहरूमा सुरक्षाको आवश्यकताहरूलाई सम्बोधन गर्ने र सार्वजनिक निकायहरूसँग साझेदारी निर्माण गर्ने आवश्यकता माथि जोड दिन्छ (कोहेन र जोसेफ, २०१४) । जहाँ जहाँ सम्भव हुन्छ सबै वाश पूर्वाधार सम्बन्धी मध्यवर्तनहरूले विद्यमान पूर्वाधारहरूमा र/अथवा दीर्घकालीन सहरी योजना तर्जुमा र सहरी विकासमा योगदान दिनुपर्छ ।

## लिङ्कहरू

- विश्व स्वास्थ्य सङ्गठन: http://www.who.int/mediacentre/news/releases/2015/health-assessment-nepal/en/
- मनोवैज्ञानिक प्राथमिक उपचारमा विश्व स्वास्थ्य सङ्गठन को मार्गदर्शन: http://www.who.int/mental_health/publications/guide_field_workers/en/
- आईपीपीएफको स्प्रिन्ट पहल: http://www.ippf-sprint.org अनि आपत्कालिन अवस्थामा प्रजनन स्वास्थ्यसँग बरताव गर्ने बारे उपयोगी ‘चिटसीट’: http://www.ippf-sprint.org/downloads/misp/MISP-Cheat-Sheet.pdf
- नेपाल वाश समूह: http://www.humanitarianresponse.info/en/operations/nepal/water-sanitation-hygiene

# पाठ १७

## आकस्मिक शिक्षाको लागि गरिएको प्रयासहरूले तत्कालीन र दीर्घकालीन आवश्यकताहरू दुवैलाई सम्बोधन गर्नु पर्दछ ।

अन्तर्राष्ट्रिय सक्रिय कार्यकर्ताहरूको लागि आपत्कालिन अवस्थामा शिक्षाको प्रावधानमा ध्यान बढिरहेको छ, तर यसमा प्रायजसो कम आर्थिक सहयोग गरिएको छ । ओसिएचएले जनाए अनुसार ५००० भवनहरू पूर्ण रूपमा नष्ट पार्दै जम्मा १६००० भवनहरूमा क्षति पुर्याएको भूकम्पले नेपालमा आधा भन्दा बढी विद्यालयहरूलाई क्षति पुर्याएको छ । विद्यालयको परीक्षा नजिक आएको समयमा भूकम्प गयो जसको अर्थ सम्भावित रूपमा एक वर्षको विद्यालयको पढाईलाई हानी पुर्यायो ।

शैक्षिक मध्यवर्तनहरू, विद्यालय पुनर्स्थापना र सम्भव भएसम्म सुरक्षित तवरले जति सक्दो चाँडो तिनीहरूलाई फेरि खोल्नलाई प्राथमिकीकरण गर्न आवश्यक छ। विपत्ति पछि लामो समय अवधिसम्म विद्यालय बाहिर रहेका बालबच्चाहरूले बाल श्रम, हिंसा र ठूलो सङ्ख्या विद्यालयमा फर्केर नआएको घटनाका साथ शोषणको अन्य रूपहरू लगायतका असङ्ख्य जोखिमहरूको सामना गर्नु परेको कुरा प्रमाणहरूले देखाएको छ। यसका अतिरिक्त बाल मैत्री स्थानहरू उपलब्ध गराउनको लागि अस्थायी शिविरहरूमा सुरु गरि सकिएको कार्यहरूमा कुन विद्यालयहरूलाई फेरि खोल्न सकिन्छ भन्ने कुरा पत्ता लगाउनको लागि, र परीक्षा तालिकामा भूकम्पको असरको लागि परिदृश्य विकास गर्नको लागि विद्यालयको संरचना आँकलनमा शिक्षा समूहका सदस्यहरूले शिक्षा विभाग र विद्यालय व्यवस्थापन कमिटीसँग कार्य गर्नु पर्छ।

## लिङ्कहरू

- आपत्कालिन अवस्थामा शिक्षाको लागि अन्तर्राष्ट्रिय सञ्जाल: http://www.ineesite.org/en/
- सेभ द चिल्ड्रेन- द्रुत संयुक्त शिक्षा आवश्यकता आँकलनहरूको लागि एउटा संक्षिप्त मार्गदर्शन: http://www.savethechildren.org.uk/sites/default/files/docs/Short_Guide_to_Rapid_Joint_Education_Needs_Assessments_1.pdf

# सन्दर्भ ग्रन्थ सूची

ACAPS. (2015) Lessons learned for Nepal earthquake response. Geneva: ACAPS. (www.alnap.org/resource/20123.aspx).

Arya, A. (n.d.) Rapid visual screening of RCC buildings. New York: UNDP. (www.alnap.org/resource/20127.aspx).

Clermont, C., Sanderson, D., Sharma, A. and Spraos, H. (2011) Urban disasters – lessons from Haiti. Study of member agencies' responses to the earthquake in Port au Prince, Haiti, January 2010. London: DEC. (www.alnap.org/resource/9263.aspx).

Cohen, M. and Joseph, F. (2014) Gender-sensitive WASH programming in post-earthquake Haiti. Oxford: Oxfam GB. (www.alnap.org/resource/12160.aspx).

Currion, P. (2015) Rapid Humanitarian Assessment in Urban Settings. Geneva: ACAPS. (www.alnap.org/resource/20125).

Davis, I. (2013) 'What have we learned from 40 years' experience of disaster shelter?', in Sanderson, D. and Burnell, J. (eds) (2013) Beyond shelter after disaster: practice, process and possibilities. New York: Routledge (www.alnap.org/resource/20100.aspx).

Ferguson, K. (2012) 'Lessons learnt on unconditional cash transfers in Haiti'. Humanitarian Exchange 54. London: HPN/ODI. 21-23. (www.alnap.org/resource/20108.aspx).

Grünewald, F. and Carpenter, S. Urban preparedness – lessons from Kathmandu Valley. London: British Red Cross. (www.alnap.org/resource/10884.aspx).

Hanley, T., Binas, R., Murray, J. and Tribunalo, B. (2014) IASC inter-agency humanitarian evaluation of the Typhoon Haiyan response. New York: IASC. (www.alnap.org/resource/19318.aspx).

IASC. (2010) Meeting Humanitarian Challenges in Urban Areas. Geneva: IASC. (www.alnap.org/resource/6196.aspx).

IFRC. (2000) Disaster emergency needs assessment. Geneva: IFRC. (www.alnap.org/resource/20102.aspx).

IFRC. (2010) A practical guide to gender-sensitive approaches for disaster

management. Geneva: IFRC. (www.alnap.org/resource/20126.aspx).

IFRC. (2013) World disasters report 2013: technology and the future of humanitarian action. Geneva: IFRC. (www.alnap.org/resource/20101.aspx).

IFRC. (2014) Regulatory barriers to providing emergency and transitional shelter after disasters – country case study: Nepal. Geneva: IFRC. (www.alnap.org/resource/20129.aspx).

Jakobsen, S. (2011) 'How to behave: advice from IDPs', in Couldrey, M. and Herson, M. (eds), Forced migration review 37. Oxford: Refugee Studies Centre. 23-24. (www.alnap.org/resource/20103.aspx).

Jha, A., Barenstein, J., Phelps, P., Pittet, D. and Sena, S. (2010) Safer homes, stronger communities: a handbook for reconstructing after natural disasters. Washington, DC: GFDRR. (www.alnap.org/resource/12606.aspx).

Kauffmann, D. (2012) The central role of cash transfer programmes in the response to the urban disaster in Haiti: lessons learned. Plaisians: Groupe URD. (www.alnap.org/resource/6691.aspx).

Lehmann, C. and Masterson, D. (2014) Emergency economies: the impact of cash assistance in Lebanon. Beirut: IRC. (www.alnap.org/resource/12921.aspx).

Meier, P. (2015) How digital Jedis are springing to action in response to Cyclone Pam. iRevolutions. (www.alnap.org/resource/20106.aspx).

Mobile Money for the Poor. (2014) Understanding the demand for financial services in Nepal. New York: UNCDF. (www.alnap.org/resource/20107.aspx).

OCHA. (2013) Humanitarianism in the network age. New York: OCHA. (www.alnap.org/resource/9157.aspx).

Parker, B. and Maynard, V. (2015) Humanitarian response to urban crises: literature review of area-based approaches. London: UCL. (www.alnap.org/resource/20109.aspx).

Piper, R. (2013) 'A perfect storm of earthquake and poor governance could cripple Nepal'. The Guardian. London: The Guardian. (www.alnap.org/resource/7940.aspx).

Proudlock, K. and Ramalingam, B., with Sandison, P. (2009) 'Improving

humanitarian impact assessment: bridging theory and practice', in 8th ALNAP review of humanitarian action. ALNAP Review. London: ALNAP/ODI. (www.alnap.org/resource/5663.aspx).

Sanderson, D. and Knox Clarke, P., with Campbell, L. (2012) Responding to urban disasters: learning from previous relief and recovery operations. ALNAP Lessons Paper. London: ALNAP/ODI. (www.alnap.org/resource/7772.aspx).

Sanderson, D. and Delica Willison, Z. (2014) Philippines Typhoon Haiyan response review. London/Ottawa: DEC/HC. (www.alnap.org/resource/12316.aspx).

Sanderson, D., Sharma, A., Kennedy, J. and Burnell, J. (2014) 'Lost in transition: principles, practice and lessons from Haiti for urban post-disaster shelter recovery programs', in Asian journal of environment and disaster management (AJEDM). 6(2): 131-151. (www.alnap.org/resource/20105.aspx).

Sivakumaran, S. (2011) Market Analysis in Emergencies. Oxford: CaLP. (www.alnap.org/resource/7468.aspx).

Shelter Cluster. (2015) Nepal shelter cluster – key messages. Nepal: Shelter Cluster. (www.alnap.org/resource/20130.aspx).

Stops, L. and Ashmore, J. (2007) Winterised tent evaluation: IFRC Jan 2007. Geneva: IFRC. (www.alnap.org/resourece/20110.aspx).

UNDP. (2013) Guidance note: debris management. New York: UNDP. (www.alnap.org/resource/11707.aspx).

Vinck, P. (ed.) (2013) World disasters report 2013 – focus on technology and the future of humanitarian action. Geneva: IFRC. (www.alnap.org/resource/10054.aspx).

Wall, I. with Chéry, Y. (2011) Let them speak. Best practice and lessons learned in communication with disaster affected communities: Haiti 2010. London: CDAC. (www.alnap.org/resource/6188.aspx).

World Bank/GFDRR. (2012) Housing post-disaster needs assessment (PDNA) guidelines volume B. Washington, DC: World Bank. (www.alnap.org/resource/20111.aspx).



एल्नाप
समुद्रपार विकास इन्स्टिच्युट
२०३ ब्लाकफ्रिआर्स रोड
लण्डन
एसई१ ८ एनजे
संयुक्त अधिराज्य

टेलिफोन: +44 (0)20 7922 0336
फ्याक्स: +44 (0)20 7922 0399
ईमेल: alnap@alnap.org
www.alnap.org